
का.जि.प्र.का.द.नं. १००/०५२/६०
२८ मंसिर २०८२
आइतबार
14 December 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २३, अंक ३०४ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

एमाले महाधिवेशनको सन्देश

## जेनजीप्रति नरम सरकारप्रति गरम



**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २७ मंसिर

शनिबार सुरु भएको नेकपा एमालेको ११औं महाधिवेशन भक्तपुरस्थित सल्लाघारीको खुला चौरमा भव्य उद्घाटन भयो । महाधिवेशन उद्घाटन समारोहमा सहभागी एमालेसहित पुराना राजनीतिक दलका नेताहरूले गत भदौ २३ को शान्तिपूर्ण आन्दोलनलाई स्वीकार गरे पनि हिंसात्मक गतिविधिलाई अस्वीकृत गरेको सन्देश दिए । पार्टी अध्यक्ष केपी शर्मा ओलीले रिमोटमार्फत झन्डोत्तोलनपछि सम्बोधन गर्दै भदौ २३ र २४ पछि आफूलाई लागेको आरोपको कूटनीतिक तरिकाले जवाफ दिएर जेनजी समुदायको मन जित्ने प्रयास गरे ।

प्रायः मैखिक भाषणमार्फत विपक्षी दल र विरोधी शक्तिमाथि जाइलाग्ने ओलीको शनिबारको लिखित वक्तव्य सरकारबाहेक सबै राजनीतिक दल र जेनजी पुस्ताप्रति नरम थियो । ओलीले युवाको चाहनालाई स्वाभाविक लिएर जेनजीप्रति सद्भाव राख्दै भने, ‘असहमति राख्नुस्, आवाज उठाउनुस् ।

»» पृष्ठ २ मा

### एमाले महाधिवेशनका चार दृश्य

- *चुस्त व्यवस्थापन*
- *आकर्षक मञ्च*
- *सडक सवारी निरन्तर*
- *झाँकी तथा नृत्य*

**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, २७ मंसिर

नेकपा एमालेले पछिल्लो समय खेप्दै आएको आरोप हो- जातीय पहिचानमा रुचि देखाएन, समावेशिताप्रति कठोर बन्दै गयो । अझ २३ र २४ भदौको जेनजी आन्दोलनपछाडि भने एमालेलाई युवा विरोधी दलका रूपमा समेत कतिपयले चित्रित गरे ।

»» पृष्ठ २ मा

## कोरियाली फार्महरूमा मौसमी कामदारको अवस्था दयनीय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर

वैदेशिक रोजगार विशेष

नेपालमा आकर्षक रोजगारीको वर्गमा राखिएको कोरियाली फार्महरूमा मौसमी कामदारहरूको अवस्था दयनीय देखिएको छ । मौसमी कामदारको संख्या बढ्दै गएपनि कृषि र मत्स्यपालन क्षेत्रका कामदारहरूको अधिकारका बारेमा आधारभूत जानकारीमा पहुँच नरहेको नयाँ सर्वेक्षणले देखाएको छ ।

बिहीबार सार्वजनिक ग्योन्गी प्रान्तको सवेक्षण अनुसार मौसमी कामदारहरूमध्ये २३ प्रतिशतले उनीहरूले मानव अधिकार उल्लंघन भएको बताएका छन् । प्रान्तीय सरकार र हान्याङ विश्वविद्यालयद्वारा ४१७ उत्तरदाताहरूसँग सर्वेक्षण गरिएको थियो । दक्षिण कोरियामा सबैजसो मौसमी कामदारहरू विदेशी नागरिक छन् ।

उनीहरूलाई ई-८ भिसाअन्तर्गत आठ महिनासम्म कोरियाली कृषि फार्म र माछापालनमा काम गर्न अनुमति दिइएको छ । विदेशी स्थानीय सरकारहरूसँग साझेदारीमार्फत वा विवाहमार्फत वा कोरियाली स्थायी बासिन्दाहरूले स्पोन्सर गरेर विदेशी कामदार लैजाने गरेका छन् ।

अधिकांश कामदारहरूलाई आफ्नो अधिकारका बारेमा बोल्ने र उजुरी गर्ने आधारभूत पक्षमा जानकारीसमेत नभएको बताइएको छ । उत्तरदाताहरूमध्ये रोजगार सम्झौता गरेका ५४.४ प्रतिशतले मात्रै सम्झौतामा भएका सर्त भने राम्रोसँग बुझेको बताएका थिए ।

अधिकारीहरूले आंशिक रूपमा कामदारहरूको मातृभाषामा सम्झौता अनुवाद नभएका कारणले उनीहरूले नबुझेको बताए । कोरियामा ग्रामीण क्षेत्रमा वृद्धहरूको संख्या बढ्दै गएका कारण

»» पृष्ठ २ मा

# एनपिएलले जगाएको आशा



**रोहित पौडेल**
(लुम्बिनी लायन्स)
सर्वोत्कृष्ट ब्याटर
सर्वोत्कृष्ट नेपाली खेलाडी



**अविनाश बोहोरा**
(सुदूरपश्चिम रोयल्स)
रेड बुल इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट



**रुबेन ट्रम्पलमेन**
(लुम्बिनी लायन्स)
सर्वोत्कृष्ट खेलाडी



**सन्दीप लामिछाने**
(विराटनगर किंग्स)
सर्वोत्कृष्ट बलर



**शेर मल्ल**
(लुम्बिनी लायन्स)
उत्कृष्ट इमर्जिङ खेलाडी



**तिलकराज भण्डारी**
(लुम्बिनी लायन्स)
इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट



“ यस उत्सवले सिंगो देशलाई जिताएको छ, जगाएको छ । सारा नेपालीलाई जोड्दै, सुरक्षा संशय चिर्दै नेपाल शान्त, सुन्दर र सक्षम छ भन्ने सन्देश विश्वभर पुऱ्याएको छ ।

**सुशीला कार्की**
प्रधानमन्त्री

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २७ मंसिर

लुम्बिनी लायन्स दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) च्याम्पियन बनेको छ । त्रिवि क्रिकेट मैदानमा शनिबार भएको फाइनल खेलमा सुदूरपश्चिम रोयल्सलाई ६ विकेटले हराउँदै लुम्बिनीले उपाधि जितेको हो ।

यसले एकातिर नेपालमा क्रिकेटको सम्भावनाको विषयलाई थप बलियो र उत्साहित त बनाएको छ नै, अर्कोतिर नेपाल सुरक्षित छ भन्ने सन्देश पनि प्रवाह गरेको छ ।

२३ र २४ भदौमा जेनजी पुस्ताले आन्दोलन गरेका थिए । आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली प्रधानमन्त्रीबाट राजीनामा दिन बाध्य भए । राजीनामा दिएर मात्रै सुख पाएनन्, उनीसहितका शीर्ष नेताहरूलाई नेपाली सेनाले सुरक्षित स्थानमा लैजानुपरेको थियो । प्रतिनिधि सभाबाटै सरकार बन्ने अवस्था बनेन । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा २७ भदौमा अन्तरिम सरकार बन्यो । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकासहित देशभरका सार्वजनिक सम्पत्तिमा तोडफोड र आगजनी भए । निजी सम्पत्तिमा समेत क्षति पुऱ्याउने कार्य भयो भने कारागारबाट कैदीहरूसमेत भागे ।

यस घटनाले केही देशले नेपालीलाई भिसा दिनै रोके भने केहीले कडाइ गरे । केही देशले नेपाल भ्रमण नगर्न भन्दै अस्थायी ट्राभल एड्भाइजरी पनि जारी गरे । अन्तर्राष्ट्रिय समुदायमा नेपाल असुरक्षित रहेको सन्देश गयो ।

तर शनिबार सम्पन्न दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) यस नकारात्मक सन्देशलाई केही हदसम्म चिर्न सफल भयो ।

यस्तो पृष्ठभूमिमा भएको एनपिएलमा विदेशी खेलाडीहरू समेत खेल्नका लागि नेपाल आए । त्रिवि क्रिकेट मैदानमा हजारौं संख्याको भिड व्यवस्थापनमा सफलतापूर्वक एनपिएल सम्पन्न पनि भयो । एनपिएलले युवा पुस्तालाई खेलमार्फत एकताबद्ध बनायो भने विदेशी खेलाडीले पनि सुरक्षित रूपमा निर्धक्क आफ्ना खेल कोशल प्रदर्शन गरे । जसका कारण एनपिएलले अन्तर्राष्ट्रिय समुदायमा नेपाल सुरक्षित रहेको सन्देश दियो भने खेललाई पर्यटनसँग जोडेर मुलुकमा आर्थिक गतिविधि बढाउन सकिने आशा पनि दियो ।

प्रधानमन्त्री सुशीला कार्कीले फाइनल प्रतिस्पर्धा हुनु अगाडि दुवै टिमलाई शुभकामना दिँदै एनपिएलको सफलताले सिंगो जिताएको बताएकी थिइन् । सामाजिक सञ्जाल (फेसबुक)मा उनले लेखेकी थिइन्, ‘यस उत्सवले सिंगो देशलाई जिताएको छ, जगाएको छ । सारा नेपालीलाई जोड्दै, सुरक्षा संशय चिर्दै नेपाल शान्त, सुन्दर र सक्षम छ भन्ने सन्देश विश्वभर पुऱ्याएको छ ।’

शनिबार हजारौं दर्शकका माझ कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा भएको फाइनल खेलमा सुदूरपश्चिम रोयल्सलाई ६ विकेटले पराजित गर्दै लुम्बिनीले उपाधि जित्यो । लगातार दोस्रो सिजन फाइनलमा पुगेको सुदूरपश्चिम भने यसपटक पनि उपविजेतामै सीमित हुन पुग्यो । पहिलो संस्करणमा पनि सुदूरपश्चिम जनकपुर बोल्ट्ससँग पराजित हुँदै

»» पृष्ठ २ मा

## लुम्बिनी च्याम्पियन



# सबै पुस्ताको मिलनबिन्दु बनेर काम गर्छु : कोइराला

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ मंसिर

नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले पार्टीभित्र पुराना र नयाँ पुस्ताको मिलनबिन्दु बनेर काम गर्ने बताएका छन् । वरिष्ठ र युवा पुस्ताको मिलनबिन्दु आफू भएको दाबी गर्दै उनले सबै पुस्तालाई जोडेर मात्रै कांग्रेस बलियो बनाउन सकिने बताए ।

शनिबार विशालनगरस्थित कोइरालाकै सम्पर्क कार्यलयमा प्रजातन्त्र सेनानी संघका केन्द्रीय पदाधिकारी एवं सदस्यहरु कोइरालालाई भेटेर पार्टीका हरेक समितिमा प्रजातन्त्र सेनानीको प्रतिनिधित्व गराउन विधान संशोधन गरेर सम्बोधन गर्नु पर्ने माग गरेका छन् । प्रजातन्त्र सेनानी संघका अध्यक्ष बालकृष्ण दाहालले प्रजातन्त्र सेनानीलाई पार्टीभित्र क्लस्टरको व्यवस्था राखिनुपर्ने माग गरेको बताए ।

जवाफमा नेता कोइरालाले युवाका एजेन्डा पनि उठाउने र प्रजातन्त्र सेनानीका अधिकारका विषयमा पार्टीको विधानमै राख्ने व्यवस्थाका विषयमा पार्टीमा छलपल



चलाउने बताएको दाहालको भनाइ छ ।

जेल गएका, दुःख गरेका प्रजातन्त्र सेनानीका लागि पार्टीका हरेक तहको संरचनामा स्थान दिन विधानमै व्यवस्था गर्नुपर्ने अध्यक्ष बालकृष्ण नेता कोइरालाको ध्यानाकर्षण गराए । जवाफमा नेता कोइरालाले नेपालको लोकतान्त्रिक आन्दोलनमा प्रजातन्त्र सेनानीहरुले पुऱ्याउनु भएको योगदानको सधैं उच्च कदर हुने बताए ।

लामो समयदेखि पार्टीभित्र र बाहिरका युवापुस्तालाई राज्यको मुल प्रवाहमा जोडनुपर्ने बताएपनि त्यसको सुनुवाइ नभएकोले पछिल्लो परिस्थिति निर्माण भएको उनको भनाइ छ ।

आफुले कोभिड महामारीकै समयदेखी युवाका निम्ति केन्द्रमा २०, प्रदेशमा ३० र स्थानीय तहमा ४० प्रतिशत प्रतिनिधित्वको माग गरेको कोइरालाले स्मरण गराए । त्यस्तै देश र पार्टी अत्यन्तै कठिन मोडमा उभिएको बताउँदै उनले कांग्रेस पार्टी पुनर्निर्माणका लागि सेनानीहरुको अनुभवको सहयोगको खाँचो रहेको औंल्याए । 'सयौं योद्धा र युवाहरुको रगत पसिनाले निर्माण भएको पार्टीमा अहिले सैद्धान्तिक बिचलन आएको छ' उनले भने,'पार्टी भित्र मुल्य, मान्यता र निष्ठाको पनि पुनर्निर्माण जरुरी छ।' जिल्ला-जिल्लाबाट आएका सेनानीहरुलाई पार्टीको आसन्न महाधिवेसन र आमनिर्वाचनमा होमिन कोइरालाले निर्देशन दिए ।

संघले शुक्रबार राष्ट्रपतिलाई भेटेर प्रजातन्त्र सेनानीका लागी सर्वाधिकार प्रजातन्त्र सेनानी आयोग बनाउन र सात वटै प्रदेशमा प्रजातन्त्र सेनानी सेवा सदन बनाउन सरकारसँग पहल गर्न माग गरेका छन् ।

'सर्वाधिकार आयोग र सेवा सदन बनाउन हामीले पटक पटक सरकारको ध्यानाकर्षण गराउँदै आएका छौं । अहिले राष्ट्रपतिलाई भेटेर सोही विषयमा ध्यानाकर्षण गरेका छौं', अध्यक्ष दाहालले भने ।

# मदरसा अहमदिया सलफिया, आरा (बिहार)को वार्षिकोत्सव सम्पन्न

**इसत्याक अहमद/मध्यान्ह**
बिहार, २७ मंसिर

भारतको बिहार राज्य अन्तर्गत आरा जिल्लामा अवस्थित ऐतिहासिक इस्लामी शैक्षिक संस्था मदरसा अहमदिया सलफियाको ३४औं वार्षिक उत्सव तथा सार्वजनिक अधिवेशन डिसेम्बर ६ र ७ मा भव्य रूपमा सम्पन्न भएको छ ।

कार्यक्रममा जामिया हफ्सा लिलबनात, धनुषाका सचिव तथा मदरसा नज्मुल-हुदा, सिरहाका अध्यक्ष, अल-अज्हर विश्वविद्यालयका स्नातक मौलाना मोहम्मद मुस्तफा काअबी अजहरी प्रमुख अतिथिका रूपमा सहभागी थिए । अधिवेशनको अध्यक्षता शैख मोहम्मद बिन अब्दुल हमीद रहमानी मदनीले गरेका थिए । पवित्र कुरआनको तिलावत, हम्द तथा नात-ए-रसूलबाट सुरु गरिएको कार्यक्रमलाई कुरआनी तथा हदीसी सन्देश झल्किने आकर्षक सजावटले थप प्रभावशाली बनाएको थियो ।

सन् १८८० मा भारतको पहिलो आवासीय इस्लामी शैक्षिक संस्थाका रूपमा स्थापना भएको यस मदरसाले पछि मदरसा अहमदिया सलफिया नाम पाएको हो । वार्षिक अधिवेशनकै ऐतिहासिक पृष्ठभूमिमा सन् १९०६ को डिसेम्बरमा अहले हदीस कान्फ्रेन्स गठन भई केन्द्रीय



जमीयत अहले हदीस हिन्दको स्थापना भएको तथ्यलाई समेत स्मरण गरिएको थियो ।

जमीयतका प्रथम अमीर (अध्यक्ष) मौलाना हाफिज अब्दुल्लाह गाजीपुरी (१८४४-१९१८) तथा प्रथम महामन्त्री शेख अबुल-वफा सनाअल्लाह अमृतसरी (१८६८-१९४८) को उल्लेखनीय योगदानलाई श्रद्धापूर्वक स्मरण गरिएको थियो । शनिबार बिहान आयोजित हिफ्जुल-कुरआन प्रतियोगितामा शैख हाफिज अबु नासिर रजाउल हसन आरवी, शैख सगीर अहमद सलफी तथा शैख कारी अब्दुल वहिद आलियावी निर्णायकका रूपमा रहेका थिए ।

उत्सवका क्रममा विद्यार्थीहरूले उर्दू, अरबी, अंग्रेजी, हिन्दी र भोजपुरी भाषामा प्रभावशाली भाषण प्रस्तुत गर्दै बहुभाषिक क्षमताको प्रदर्शन गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रो. आफताब आलम (जैन कलेज, आरा)ले विद्यार्थी जीवनमा मेहनत, लगन र दृढता अनिवार्य हुने बताए । प्रो. गुलनवाज उस्मानीले धार्मिक शिक्षासँगै आधुनिक शिक्षा र बहुभाषिक दक्षताको आवश्यकता औंल्याए । डा. अब्दुल हलीम बिस्मिल्लाह मदनीले नियमितता, भाषिक क्षमता र उस्तादप्रतिको सम्मानमा जोड दिए ।

प्रमुख अतिथि मोहम्मद मुस्तफा काअबी अजहरीले आरा-बिहार क्षेत्र भारतको पहिलो इस्लामी शैक्षिक केन्द्रका रूपमा परिचित रहेको उल्लेख गर्दै इस्लामले शिक्षालाई सर्वोच्च प्राथमिकता दिएको धारणा व्यक्त गरे । कार्यक्रमका अवसरमा विभिन्न विद्वानहरूलाई सम्मान-पत्र प्रदान गरिएको थियो भने हिफ्ज पूरा गर्ने तथा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई नगद पुरस्कार, शिल्ड र प्रमाण-पत्र वितरण गरिएको थियो ।

अन्त्यमा नाज़िमे आला अनवर अली आरवीले उत्कृष्ट आतिथ्य, व्यवस्थापन तथा सहयोगका लागि सबैप्रति आभार व्यक्त गर्दै दुआका साथ कार्यक्रमको समापन गरे । सहभागीहरूले यस ऐतिहासिक अधिवेशनले मदरसा अहमदिया सलफियाको शैक्षिक, धार्मिक तथा सामाजिक योगदानलाई पुनःउजागर गरेको बताएका छन् ।

**जेनजीप्रति...**

तर त्यो दलको विकल्पमा होइन । जायज विषय, जायज आवाज सम्मान योग्य हुन्छ ।' उनले राजनीतिक उद्देश्य सत्ता परिवर्तन मात्रै नभई सुरक्षा, सुशासन र समृद्धि भएको स्पष्ट पारे । 'राजनीति सत्ता बदल्ने खेल होइन, नागरिकको ज्यानको सुरक्षा र राष्ट्रिय स्वाधीनताको विषय हो ।'

सरकारको गैरसंवैधानिक नियुक्ति र संसद् विघटनप्रति खरो रूपमा उत्रिएका अध्यक्ष ओलीले सरकारले केही दिनअघि मात्रै जेजनजी अगुवासँग गरेको सहमतिको दस्तावेजलाई नाटक र देशविरुद्धको षड्यन्त्रको संज्ञा दिए । लिखित भाषणमा केन्द्रित ओलीले पार्टीभित्रका प्रतिस्पर्धीलाई पनि खासै बिझाएनन् । उनीसँग अध्यक्षमा प्रयासी बन्ने तयारीमा रहेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलप्रति उनले वैरभाव नदेखाए पनि पोखरेललाई उद्घाटन कार्यक्रममा कुनै जिम्मेवारी भने दिइएन । कार्यक्रम सञ्चालनको जिम्मेवारी पाउनुपर्ने महासचिव शंकर पोखरेललाई स्वागत गर्न दिँदा वरिष्ठ उपाध्यक्षको जिम्मेवारी खोसिएको कार्यक्रममा सहभागी ईश्वर पक्षका नेता कार्यकर्ताहरू समूह समूहमा छलफल गर्दै थिए । उपमहासचिव प्रदीप ज्ञवालीलाई कार्यक्रम सञ्चालनको जिम्मा दिँदा कतिपय नेताहरूले भावी महासचिवका रूपमा स्वागत गरिएको हो कि भन्ने तर्क वितर्क गरिरहेका छन् । यद्यपि ओलीले पार्टी पंक्तिलाई एकताको सूत्रमा बाँध्न प्रयास गरेको सन्देश प्रवाह गरेका छन् ।

उनले भने, 'हामी ११औं महाधिवेशनमा छौं । ११ मा दुईवटा एक हुन्छन् तर छुट्टाछुट्टै, टाढाटाढा उभिएका एक होइनन् । एउटै लाइनमा, एउटै दिशातिर फर्किएका, एउटै लक्ष्य बोकेर उभिएका एक हुन् । एक एमालेले अर्को एमालेसँग हात मिलायो, मन जोड्यो भने हामी ११ बन्छौं । तर रिस, घात-प्रतिघातमा गयौं भने हामी एकमै सीमित हुन्छौं ।' उनको यो अभिव्यक्तिले आफ्नै नेतृत्वमा सर्वसहमतिका साथ एमालेलाई लैजानुपर्ने दबाब दिएको सन्देश प्रवाह भएको एमालेलाई नजिकबाट नियाल्दै आएका वरिष्ठ पत्रकार तीर्थ कोइरालाले बताए । उनले भने, 'अध्यक्ष ओलीको महाधिवेशन उद्घाटनको अभिव्यक्तिले आफ्नै नेतृत्वमा पार्टीलाई एकताबद्ध गर्ने सन्देश दिएको छ ।' तर उनको यो सन्देशले आन्तरिक प्रतिस्पर्धीलाई रोक्न सक्ने अवस्था नदेखिएको एमालेकै नेताहरूले बताएका छन् ।

सम्बोधनका क्रममा जेनजी आन्दोलनलाई सम्झिँदै उनले अध्यक्ष ओलीले जेनजी आन्दोलनलाई हाइज्याक गरेर अन्तै पुऱ्याएको दाबी गरे । उनले भने, 'युवा पुस्ताको चाहना र आवश्यकतालाई स्वाभाविक मानिए पनि त्यसलाई हाइज्याक गरेर गरिएको विध्वंस र त्यसपछि बनेको सरकार असंवैधानिक थियो । सरकारले जेनजी जेनजीसँग गरेको सम्झौता नाटक हो, देशविरुद्धको षड्यन्त्र हो । यस्ता नाटक मञ्चन गरेर निर्वाचन हुँदैन । सरकार जालो बनेको छ ।' तत्कालको राजनीतिक निकास भनेको विघटित प्रतिनिधि सभाको पुनर्स्थापना नै भएको ओलीको दाबी छ । 'संविधानलाई लिकमा फर्काउनुको विकल्प छैन । संवादको सट्टा निषेध, घृणा, मिडिया ट्रायल, हल्ला– यिनै चलिरहेका छन् । नेतामाथि मुद्दा, राहदानी र स्थान हद लगाएर कसरी चुनावको वातावरण बन्छ ?' ओलीले सरकारप्रति प्रश्न गरे ।

जेनजी आन्दोलनपछिको तीन महिनामा पूर्ववत् अवस्थामा फर्कने कोसिसमा रहेको एमालेको महाधिवेशनमा उसका सहयात्री राजनीतिक दलका नेताहरूले समेत पुराना दलको शाख बचाउ एक ढिक्का भएको सन्देश दिएका छन् । एमालेका नेताहरूसँगै अतिथिका रूपमा निम्त्याइका नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टीसमेत जेनजीका मागलाई सकारात्मक लिए पनि सरकार गठन र अन्तरिम सरकारको कार्यशैलिप्रति असन्तुष्टि पोखेका छन् । महाधिवेशनको शुभकामना दिन पुगेका नेपाली कांग्रेसमा कार्यवाहक सभापति पूर्ण खड्काले नेताहरूप्रति सरकारले लगाएको स्थान हदकोको आलोचना गरे । यद्यपि उनले दल सच्चिएर र सुधार भएर अघि बढ्नुपर्ने दाबी गरे । नेता खड्काले जेनजी आन्दोलनलाई स्वार्थी समूहले प्रयोग गरेर ठुलो राष्ट्रिय सम्पति ध्वस्त पारेकाले अब एमालेसहितका दलहरूले यसप्रति सचेत हुँदै अबका योजना बनाउनुपर्ने सुझाव दिए ।

खड्काले २३ र २४ भदौमा भएको घटनाको उच्चस्तरीय न्यायिक छानबिन आयोगले बिनाआग्रह-पूर्वाग्रह छानबिन गर्नुपर्ने बताउँदै अन्तरिम सरकारले गठन गरेको आयोगलाई सचेत गराएका छन् । 'यी दुवै घटनाहरूको सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरमा ल्याउन गठित उच्चस्तरीय न्यायिक छानबिन आयोगले आग्रह, पूर्वाग्रह, दबाब र प्रभावबाट मुक्त भई निष्पक्ष प्रतिवेदन तयार गर्नुपर्छ,' कार्यवाहक सभापति खड्काले भने ।

उनले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकमाथि सरकारले लगाएको स्थान हदले धेरै प्रश्न उब्जाएको बताए । 'नेताहरूका स्थानहदका निर्णयलगायतका कार्यहरूले धेरै प्रश्नहरू उठाएका छन्,' खड्काले भने, 'त्यसैले यसतर्फ आयोग सतर्क हुन जरुरी छ । सचेततापूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्न जरुरी छ ।' नागरिकको जिउधनको सुरक्षा जिम्मेवारी लिएका सुरक्षाकर्मीको हुर्मत लिने, हातहतियार लुट्ने कार्य भएको भन्दै नागरिकको निजी सम्पत्तिमाथि तोडफोड, लुटपाट र आगजनी गरी उनीहरूको सर्वस्व खतम पारिएको उनको दाबी छ । लोकतन्त्रमाथि कुनै निरंकुशता वा अस्थिरताको कालो बादल मडारिँदा तत्कालै कांग्रेस, एमाले र अन्य लोकतान्त्रिक दल एक ठाउँमा उभिएर परिस्थितिको डटेर प्रतिवाद गर्ने गरेको इतिहास नेता खड्काले स्मरण गराए । खड्काको अभिव्यक्तिले वर्तमान व्यवस्था र देशको संकटपूर्ण राजनीतिक अवस्थालाई सम्हाल्न राजनीतिक दलहरूको विकल्प नभएको स्पष्ट सन्देश दिएको छ ।

नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले एमालेमाथि भएको हमला राष्ट्रिय स्वाधीनतामा लिएको अडानकै परिणाम भएको भन्दै प्रसंशा गरे । त्यस्तै, नेपाली कम्युनिस्ट पार्टीका नेता देव गुरुङले मुलुकको समस्या समाधानका लागि सबै दलहरू मिलेर जानुपर्ने बताए । मधेश केन्द्रित दलहरूले समेत सबै राजनीतिक दलहरू मुलुकको राजनीतिक संकट टार्न एकाताको विकल्प नभएको बताएका छन् ।

**एमाले...**

यस्ता यादव प्रश्नको जवाफ एमालेले ११औं महाधिवेशनको उद्घाटनबाट एकैसाथ दिने प्रयास गरेको छ । पहिलो उदाहरण हो- चुस्त व्यवस्थापन । खुलाचौरभित्र भएको कार्यक्रम व्यवस्थित थियो । प्रवेश गर्न र निस्कन मिल्नेगरी कुर्सी व्यवस्थापन गरिएको थियो । २० हजार कुर्सी राखिएका थिए भने बाँकी सहभागीले उभिएरै सहभागिता जनाए । दोस्रो पक्ष हो- मञ्च व्यवस्थापन । जो सांस्कृतिक रूपमा महत्वपूर्ण र हेर्दा पनि आकर्षक थियो । मञ्चमा प्रसिद्ध चाँगुनारायण मन्दिर र अध्यक्ष केपी शर्मा ओलीको कटआउट राखिएको थियमे । ११औं महाधिवेशन झल्किनेगरी अंग्रेजीको 'वान' र धरहराको कटआउटसमेत राखिएको थियो । एमाले अध्यक्ष ओलीले भूकम्पपछि धरहरा पुनर्निर्माणलाई गौरवको विषयका रूपमा प्रस्तुत गर्दै आएका छन् ।

भक्तपुर आफैंमा सांस्कृतिक सहरका रूपमा परिचित छ । जसको महत्व दर्साउनेगरी नै एमालेले महाधिवेशनस्थल छनोट गरेको एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले मञ्चबाटै जानकारी गराए ।

तेस्रो पक्ष हो- सडक अवरोध भएको भनेर आलोचना नहुनु ।

विगतमा राजनीतिक दलहरूका गतिविधि उपत्यकामा हुँदा सडकमा सवारी आवागमन प्रभावित भएको, ट्राफिक जाम भएका विषयप्रति सामाजिक सञ्जालमा आलोचना हुन्थ्यो । तर भक्तपुरको सल्लाघारीस्थित खुलाचौरमा एमालेको ११औं महाधिवेशन उद्घाटन चलिरहँदा सडकमा सवारी चलिरहेकै थिए ।

एमालेले सन्देश दिनेगरी व्यवस्थापन गरेको चौथो पक्ष हो- अधिकतम झाँकी तथा नृत्य प्रदर्शन ।

काठमाडौं उपत्यकाको सांस्कृतिक पक्षलाई मञ्चबाटै प्रदर्शन गरेको एमाले महाधिवेशनमा विधि जातजातिका वेशभूषा तथा बाजागाजासहितका झाँकी तथा नृत्य प्रदर्शन भए । उद्घाटनस्थलमा समेत बिहानैदेखि आकर्षक झाँकी तथा नृत्यहरूले स्वागत गरिएको थियो ।

महाधिवेशनमा प्राथमिक उपचार सेवा (हेल्थ डेस्क)को व्यवस्था गरिएको थियो । नेता कार्यकर्ता तथा महाधिवेशनमा सहभागी हुन आएका प्रसेर जाँच गराइरहेका थिए । पानीको व्यवस्थासमेत गरिएको थियो । महाधिवेशनमा ढाका टोपी, नेपाली झन्डको राम्रै व्यापार भइरहेको थियो । जसले महाधिवेशनको माहोललाई रोचक बनाइरहेको आभास हुन्थ्यो ।

महाधिवेशनमा शुभकामना दिन विभिन्न १६ दललाई आमन्त्रण गरिएको थियो । एमालेको महाधिवेशनमा विदेशी पाहुनालाई नबोलाए पनि विदेशी पाहुनाहरूले सफलताको शुभकामना सन्देश पठाएका थिए ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि शनिबार बीचमा सम्बोधन गरे । तीनवटा साना दलका प्रतिनिधिलाई बोल्न दिएपछि ओलीले सम्बोधन गरे । सधैं आक्रामक शैलीमा प्रस्तुत हुने ओली महाधिवेशनमा शालिन सुनिए । जेनजी आन्दोलनका मृत्यु भएकालाई श्रद्धाञ्जली दिए । विपक्षीप्रति पनि त्यति आक्रामक भएनन् ।

महाधिवेशनको समग्र व्यवस्थापन स्वयं एमालेका नेता/कार्यकर्ताले पनि रुचाएको पाइन्थ्यो । महाधिवेशनमा सहभागी सिन्धुलीका प्रवीन खड्का भन्दै थिए, 'पुराना पार्टीप्रतिको आकर्षण कायमै छ ।' उनी महाधिवेशन हेर्नकै लागि सिन्धुलीबाट काठमाडौं आएका हुन् । महाधिवेशनमा सहभागी हुन पूर्वी नेपालका विभिन्न जिल्लाबाट ठुलो संख्यामा नेता, कार्यकर्ता तथा समर्थक आएका थिए । सवारीसाधनमा झन्डा र ब्यानरसहित एमालेका नेता तथा कार्यकर्ताहरू काठमाडौंमा प्रवेश गरेका थिए ।

शनिवबार सुरु भएको एमालेको महाधिवेशन तीन दिनसम्म चल्नेछ । उद्घाटन भक्तपुरको सल्लाघारीमा भए तापनि बन्दसत्र काठमाडौंको भृकुटीमण्डपमा हुनेछ ।

**एनपिएलले...**

उपविजेतामै सीमित भएको थियो ।

शनिबारको फाइनल खेलमा सुदूरपश्चिमले दिएको ८६ रनको लक्ष्य पछ्याएको लुम्बिनीले ९ ओभरमा चार विकेट गुमाएर पूरा गऱ्यो । लुम्बिनीका लागि दिनेश अधिकारीले सर्वाधिक ४२ रन बनाए । १३ बल खेलेका दिनेशले एक चौका र पाँच छक्का प्रहार गरे ।

डार्सी सर्टले १३ बलमा ३ चौकाको सहयोगमा १४ रन बनाए । कप्तान रोहित पौडेलले १२ बलमा दुई चौका र एक छक्को सहयोगमा १६ रन बनाए । निरोशन डिक्वेल ११ रनमा नटआउट रहे । बलिङतर्फ सुदूरपश्चिमका हेमन्त धामीले दुई विकेट लिए भने अविनाश बोहोरा र दिपेन्द्रसिंह ऐरीले समान एक-एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम १९ दशमलव एक ओभरमा ८५ रन बनाउँदै अलआउट भयो । सुदूरपश्चिमका लागि इशान पाण्डेले सर्वाधिक ३३ रन बनाए । ५१ बल खेलेका उनले एक चौकामात्र प्रहार गरे । कप्तान दिपेन्द्रसिंह ऐरीले १३ रन बनाए भने हरमीत सिंह र स्कट कुगेलिइनले समान १०-१० रन बनाए । लुम्बिनीका लागि शेर मल्ल, रुबेन ट्रम्पेलमान र कप्तान रोहित पौडेलले समान तीन-तीन विकेट लिए भने टीका भण्डारीले एक विकेट लिए ।

यससँगै लुम्बिनीले उपाधिसहित एक करोड १० लाख रुपैयाँ हात पाऱ्यो । उपविजेता सुदूरपश्चिमले ५१ लाख रुपैयाँमा चित्त बुझायो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी लुम्बिनी लायन्सका नामिबियन बलर रुबेन ट्रम्पलमेन घोषित भए । उनले प्रतियोगितामा १५ विकेट लिएका थिए । उनले ५ लाख रुपैयाँ प्राप्त गरे । उनी फाइनल खेलको प्लेयर अफ द म्याच पनि घोषित भए ।

प्रतियोगिताको सर्वोत्कृष्ट नेपाली खेलाडी लुम्बिनी लायन्सका कप्तान रोहित पौडेल घोषित भए । सर्वोत्कृष्ट खेलाडी घोषित रोहितले ओमोडा कार प्राप्त गरे । उक्त कारको मूल्य ६१ लाख रुपैयाँ रहेको छ । प्रतियोगितामा रोहितले २७६ रन बनाउनुका साथै १० विकेट पनि लिएका थिए ।

प्रतियोगिताको सर्वोत्कृष्ट बलर विराटगर किंग्सका कप्तान सन्दीप लामिछाने घोषित भए । उनले पल्सर बाइक प्राप्त गरे । प्रतियोगिताको उत्कृष्ट ब्याटर पनि लुम्बिनीका कप्तान रोहित नै घोषित भए । यसबापत उनले पल्सर बाइक प्राप्त गरे । रेड बुल इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट सुदूरपश्चिमका अविनाश बोहरा घोषित भए । उनले प्रतियोगितामा १७ विकेट लिएका थिए । उनले पल्सर बाइक प्राप्त गरे । इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट लुम्बिनीका तिलकराज भण्डारी घोषित भए । यस्तै प्रतियोगिताको उत्कृष्ट इमर्जिङ खेलाडी लुम्बिनीकै शेर मल्ल घोषित भए । उनले पल्सर बाइक प्राप्त गरे ।

नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा मंसिर १ गतेदेखि सुरु भएको प्रतियोगितामा आठ टोली सहभागी थिए ।

**कोरियाली...**

श्रमिकको अभाव तीव्र हुँदै गएको छ । मौसमी कामदारहरू कोरियाको कृषि जनशक्तिको महत्वपूर्ण भाग बनेका छन् । कृषि, खाद्य तथा ग्रामीण मामिला मन्त्रालयका अनुसार २०२५ मा देशभरका फार्महरूमा ८६ हजार ६ सय ४८ मौसमी कामदारहरूको कोटा छुट्याइएको थियो ।

तोकिएको कार्यस्थलबाट हराउने मौसमी कामदारहरूको संख्या पनि त्यतिकै उच्च छ । त्यसले कृषि फार्म र अध्यागमन अधिकारीहरू दुवैका लागि चुनौती खडा गरेको छ । मन्त्रालयका अनुसार सन् २०२३ र २०२४ मा क्रमशः ९ सय २५ र ९ सय १५ मौसमी कामदारहरू हराएका रिपोर्ट आएको छ ।

# विविध सांस्कृतिक कार्यक्रम गर्दै पर्वत समाजले मनायो २३औं वार्षिकोत्सव

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २७ मंसिर

पर्वत समाज कतारले संस्था स्थापनाको २३औं वार्षिकोत्सव तथा वार्षिक साधारण सभा विविध सांस्कृतिक कार्यक्रमसहित मनाएको छ । फूलबारी रेस्टुरेन्टको हलमा समाजका अध्यक्ष सन्तोष क्षेत्रीको सभाध्यक्षता तथा समाजका संस्थापक अध्यक्ष प्रताप गिरिको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

नेपालबाट आमन्त्रित अतिथि कलाकार अरुण सुनार र बुद्धिराम शर्माले सागीतिक प्रस्तुति दिए । सुनारले स्वः खेमराज गुरुङको वारी जमुना पारी जमुनाबाट प्रस्तुति राख्न सुरु गरे । उनले अल्झिँदो यो मन, कलिलो तामालाईसहित मन त नेपाली हो भन्ने गीतमार्फत आफ्नो प्रस्तुतिको बिट मारे ।

कार्यक्रमको अन्त्यमा स्टेज चढेका बुद्धिराम शर्माले आफ्नो रुमाल रुझाउँछुबाट सांगीतिक प्रस्तुति राख्न सुरु गरे । हावा चलोस् पात नझरोस्सहित आफ्ना पुराना हिट गीतहरू पेस गरे ।

सुन्तला फुल खेल्दै आयो भन्ने गीतमार्फत आफ्नो प्रस्तुतिको बिट मारेका उनले आफू १५ वर्षपछि दर्शकको मायाले स्टेजमा फर्किएको मध्यान्ह दैनिकसँगको कुराकानीमा बताए । शर्माले १५ वर्षपछि नयाँ कोसेली लिएर बजारमा आउन लागेको समेत बताए ।

कतारमा स्थापित संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूसहित पर्वतेहरूको बाक्लो उपस्थित रहेको कार्यक्रममा कतारमा रहेका दर्जनौं कलाकारले सागितिक प्रस्तुति दिएका थिए ।

कार्यक्रममा शुभकामना मन्तव्य राख्ने वक्ताहरूले पर्वत भित्रैको अर्को एक संस्थाले सोही दिन कार्यक्रम जुधाउनु अशोभनीय भएको र दुई संस्थाबीच सहकार्य तथा एकता हुन आवश्यक रहेको बताए । उनीहरूले



पर्वत समाज फुटेको जस्तो देखिएको हुँदा समाजमा मिलेर अगाडि बढ्न सुझाव दिएका थिए ।

सबै वक्ताहरूका धारणा ध्यानपूर्वक सुनेका कार्यक्रमका प्रमुख अतिथि गिरिले पर्वत समाज फुट्न टुट्न नसक्ने बताए । उनले वक्ताहरूलाई शुभकामना राख्न स्थान दिइएको हुँदा भाषणमार्फत समाजको आन्तरिक कुराहरूमा दखल अन्दाजी नगर्न चेतावनी दिँदै पर्वत समाजको स्थान र भर्खर गठित अर्को समाजलाई तुलना नगर्न समेत आग्रह गरे ।

गिरिले संस्थाको स्वायत्त अधिकार हुने हुँदा कतारमा पर्वत समाज एउटै मात्र रहेको धारणा राख्दै संस्थाविरुद्ध गलत गतिविधि गर्नेहरू समाजको आजीवन सदस्य रहिरहन नसक्ने स्पष्ट पारे ।

कार्यक्रममा कतारको कानुन सम्बन्धी राष्ट्रिय मानव अधिकार आयोग कतारका नेपाली समाज प्रतिनिधि एवं कानुनी परामर्शदाता मोहम्मद रमजान अलि मियाले व्याख्या गरे । उनले कतारमा रहँदै गर्दा श्रमिकहरूले कतारको आइडी (पताका) पासपोर्ट, हेल्थ कार्ड, लेबर कन्ट्रायक र एटिएम कार्ड अनिवार्य साथमा राख्नुपर्ने बताए । उनले प्रत्येक श्रमिकले आफ्नो मोबाइलमा अनिवार्य रूपमा मेट्रास २ सक्रिय बनाएर राख्नुपर्ने बताउँदै कतारमा मदिरा सेवन गरेर सवारी साधन नपाइनेतर्फ सजग गराएका थिए ।

समाजले गरेका कार्यप्रगति डिजिटल्ली र भिडियोमार्फत देखाइएको थियो भने समाजका कोषाध्यक्ष महेन्द्र चालीसेले ४७ हजार ५ सय ३८ रियाल आम्दानी गर्दै ४१ हजार ८ सय ५९ रियाल खर्चँदै ५ हजार ६ सय ७९ रियाल समाजमा बचत रहेको आयव्यय पेस गरेका थिए । कार्यक्रममा उपस्थितको कुल संख्यालाई लक्की ड्र मार्फत पर्वतको कुस्मामा रहेको दि क्लिफले निःशुल्क २ जनालाई प्रदान गरेको २ वटा बन्जी हान्ने टिकट र हार्नेस कम्पनीले जिपलाईमा साइकिलिङका लागि २ जनालाई प्रदान गरेको २ वटा निःशुल्क टिकट समेत खोलिएको थियो । उनीहरूलाई टिकटसहित एकरात बसोबासको समेत व्यवस्था सोही कम्पनीले गर्ने आयोजकले जानकारी दिए ।

कार्यक्रम संयोजक तथा वरिष्ठ उपाध्यक्ष टिकाराम भुसालले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई समाजका सचिव सेवक घताने र सहसचिव तथा सांस्कृतिक संयोजक कृष्ण दर्लामीले सहजिकरण गरेका थिए । गंगा जमुना बिसी जुम्ल्याहा दिदीबहिनीले स्वागत नृत्य पेस गरेका थिए भने राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान शाखा कतारका कलाकारहरूले सोरठी गीतद्वारा स्वागत गरेका थिए ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष क्षेत्रीले कार्यक्रम सफल बनाउन सहयोग गर्नेलाई धन्यवाद दिए । उनले आफ्नो कार्यसमिति सदैव एकता, सहयोग र सहकार्यमा प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममार्फत समाजसँग सहकार्य गरेका संघसंस्थासहित विभिन्न व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । समाजका ज्येष्ठ सदस्य नारायण रिमाललाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो भने कार्यक्रममा सांगीतिक प्रस्तुति दिने कलाकार, प्रमुख अतिथिलाई पनि सम्मान गरिएको थियो । पर्वतमा जन्मिएर कतारको राष्ट्रिय टिमबाट क्रिकेट खेल्ने सुधा थापालाई विशेष सम्मान गरिएको थियो ।


**कतारमा रोजगार**
कम्पनी: R D M FACILITY MAINTENANCE AND CLEANING WLL — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८२/०८/२६ — चलानी नं.: ६०२४८७५२ — LT. No.: 335113

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Hospital-indoor) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Cleaning Worker | 1 | 0 | | 1000 | ३९,६१० | | | | | | | |
| 3. | General Cleaning Worker | 10 | 0 | | 1000 | ३९,६१० | | | | | | | |
| 4. | Hotel Cleaner | 0 | 2 | | 1000 | ३९,६१० | | | | | | | |
| 5. | Representative | 1 | 0 | | 2200 | ८७,१४२ | | | | | | | |
| 6. | Supervisor | 2 | 0 | | 2500 | ९९,०२५ | | | | | | | |
| 7. | Waiter | 0 | 2 | | 1400 | ५५,४५४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ६ गते (21 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९६८/०६७/०६८
**Radium International Employment Services Pvt. Ltd.**
Baneshwor, Kathmandu, Tel. : 4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com



**Kedarsyun Rural Municipality**
**Office of the Rural Municipal Executive**
Deura, Bajhang
SudurPashchim Province, Nepal

**Invitation For Electronic Bids for Procurement of Goods**

**Date of publication:- 2082.08.28 (14 Dec 2025)**
**Invitation for Bids No: 07/2082/083**

Kedarsyun Rural Municipality, Office of Rural Municipal Executive, Deura Bajhang invites electronic bids on 2082/08/28 from Nepalese eligible bidders under National Competitive Bidding (NCB) Procedures for procurement of Goods Mentioned below:

| Contract No. | Description of Work and Location | Estimated Amount with VAT | Bid Document fee NRs. | Bid Security NRS |
|---|---|---|---|---|
| KRM/NCB/ Goods-07/2082/083 | Management of administrative Builiding and Other materials for the Office of Kedarsyun Rural Municipality | 28,12,715.00 | 3,000.00 | 70,500.00 |

Purchase, Submission and Opening:

| Contract Date | Late Date Of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|
| Email: kedarasyumun@gmail.com | Time | Date | Time | Date |
| Contact No.: 9858485003/9858454835 | 12:00 Noon | 13-01-2026 | 14:00 Noon | 13-01-2026 |

| Bank Name and Address | Office Name | Revenueac Details(Antarik Rajaswa Khata) | | Deposit A/C Details(Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account Name | Account Number | Account Name | Account Number |
| Nepal Investement Mega Bank Jhota/ Deura Branch | Office of kedarasyun Rural Municipal Exective, Deura, Bajhang | GA 1.1 KEDARSYUN GAUPAALIKA AANTARIK RAJSHWO KHATA | 07501400250009 | GA 3.1 KEDARSYUN GAUPALIKA DHARAUTI KHATA | 07501400250153 |

- Tender documents shall follow public procurement Act, 2063( Latest Amendment)
- Elifible Bidders may refer complete set of bid Document for futher information at office of Kedarsyun Rural Municipality, Bajhnag of PPMO's website www.bolptra.gov.np/egp and bidders shallhave the option of submitting their bids electronically only
- The Employer reserves the right to accept or reject, wholly or partly any or all Sealed Quotation without assigning any reason whatever

# एकीकृत पार्टी बनाउन लागेका छौं : प्रचण्ड



**सुर्खेत/मस–** नेपाल कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले विगतका गल्तीबाट शिक्षा लिँदै आफूहरू एकीकृत पार्टी बनाउन अगाडि बढेको बताएका छन् । शनिबार वीरेन्द्रनगरमा भएको एकता सभालाई सम्बोधन गर्दै उनले अब नेता तथा कार्यकर्ताको उत्साहजनक सहभागितासहित एक नम्बर पार्टी बनाउन लाग्नुपर्ने र कर्णालीले देखाएको मायाले आफू उत्साहित भएको बताए । संयोजक दाहालले १४ भन्दा बढी पार्टी मिलेर विगतका कमजोरी सच्याउँदै अगाडि बढ्ने संकल्प गरेको उल्लेख गर्दै देशका विभिन्न स्थानमा भएका एकतासभामा देखिएको सहभागिताले अभियानलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास जागेको धारणा राखे ।

उनले २०४१/४२ देखि नै पार्टी माधव नेपाल र आफूबीचमा एकताका लागि छलफल सुरु भएको स्मरण गर्दै सशस्त्र द्वन्द्वका सामयमा पनि निरन्तर छलफल भएको बताए । संयोजक प्रचण्डले भने, 'हामी सुरुदेखि नै एकताका पक्षमा थियौं, सशस्त्र युद्ध सुरु भएको दुई वर्षदेखि नेपाल र आफूहरूले देशको विकास र नेपाललाई कसरी उचाइमा पुऱ्याउन सकिन्छ भनेर छलफलमा जुटका थियौं । एमाले र माओवादी सहमति भएपछि मात्र देशमा १२ बुँदे सहमति भएको थियो । ४० वर्षदेखि एकताका काम भइरहेका थिए ।'

उनले कर्णाली नेपाली सभ्याताको जननी, जडीबुटी, जलस्रोतको भण्डार रहेको भन्दै यहाँको विकासलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । अब विदेशिएका युवालाई स्वदेश फर्कने वातावरण तयार गर्न आफूहरू क्रियाशील भएको दाहालको भनाइ थियो । पार्टीका सहसंयोजक माधवकुमार नेपालले अलगअलग पार्टीलाई एकै ठाउँमा ल्याएर राजनीतिमा महत्वपूर्ण काम गरिएको र यसले सबैमा उत्साह थपिएको बताए । उनले जनता र देशको हितका पक्षमा काम गर्ने पार्टीको रूपमा नेकपालाई स्थापित गरिने उनको भनाइ छ । सहसंयोजक नेपालले भने, 'देशका हरेक महत्वपूर्ण समयमा हामी सही ठाउँमा उभिँदै आएका छौं । जनतालाई देशको मालिक बनाउनका लागि लोकतन्त, गणतन्त्र चाहिएको छ । यसर्थ देशको स्वतन्त्रतता, स्वाधीनता, देशभक्त पार्टीको रुपमा नेकपालाई स्थापित गर्नेगरी हामी लागिरहेका छौं ।'

# सञ्चारमन्त्री खरेलद्वारा दिवंगत पत्रकार रजकको परिवारसँग छलफल

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सरकारद्वारा हालै सहिद घोषणा गरिएका दिवङ्गत पत्रकार सुरेश रजकको परिवारसँग छलफल गरेका छन् ।

उनले शनिबार तहाचलस्थित पत्रकार रजकको घरमा पुगेर परिवारसँग भेटघाट र छलफल गरेका छन् । त्यस अवसरमा उहाँले रजकको शोकाकुल परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै दिवङ्गत पत्रकार रजक सबै नेपालीबीच अमर रहने बताए ।

पत्रकार रजकले सञ्चार क्षेत्रमार्फत समाजको उत्थान र नागरिकलाई सुसूचित गर्दागर्दै ज्यानै बलिदान दिएकाले उच्च सम्मान गर्दै शहीद घोषणा गरिएको र उनले योगदान जनताले कहिल्यै बिर्सन नसक्ने मन्त्री खरेलको भनाइ थियो । उनले सरकार सधैं पत्रकार रजकका परिवारको सहयोगका लागि तयार रहने बताए ।

'पत्रकार रजकले सञ्चार क्षेत्रमार्फत समाजको उत्थान र नागरिकलाई सुसूचित गर्न खेलेको भूमिकाको प्रशंसनीय छ । निष्ठावान् पत्रकारको निधनले सञ्चार जगतमा ठूलो क्षति पुगेको छ । रजकले देखाएको व्यावसायिक भूमिका सधैं स्मरणीय रहने छ,' मन्त्री खरेलल भने ।

सुरेशका दाइ रमेश रजकले सरकारले भाइलाई सहिद घोषाणा गरेर सरकारले न्याय दिएको बताए । उनले करिब सात



महिनासम्म ताकेता गर्दापनि विगतको सरकारले कुनै सुनुवाइ नगरेको भन्दै वर्तमान सरकारले सहिद घोषणा गरेर परिवारलाई सान्त्वना मिलेको भन्दै आभार व्यक्त गरे ।

रजकका आफन्त पुरुषोत्तम मगियाले पनि भने, 'सरकारको निर्णय स्वागतयोग्य छ, सञ्चारमन्त्री स्वयम्ले पेसागत जिम्मेवारी निर्वाहका क्रममा मृत्यु भएका पत्रकार सुरेशलाई सहिद घोषणा गर्ने कार्यलाई चासो लिएर पहलकदमी गरिदिनुभयो । उहाँको यस कार्यप्रति रजकको परिवार र हामी सबै आभारी छौं ।'

गत चैत १५ गते काठमाडौंको तीनकुनेमा आयोजित राजतन्त्र पक्षरको प्रदर्शनको क्रममा एभिन्यूज टेलिभिजनमा कार्यरत भिडियो पत्रकार रजकको मृत्यु भएको थियो । प्रदर्शनकारीले आगजनी गरेको घरमा दृश्य कैद गर्ने क्रममा उनले जलेर मृत्यु भएको थियो ।

मृत्यु रजकलाई शहीद घोषणा गर्न परिवारले माग गर्दै आएको थियो । मन्त्री खरेलको पहलमा दिवङ्गत पत्रकार रजकलाई यही मंसिर २२ गते बसेको मन्त्रिपरिषद् बैठकले सहिद घोषणा गरेको थियो । यसका साथै उनकी श्रीमतीलाई रोजगारीको व्यवस्थासमेत गरिएको छ ।

# विश्वविद्यालय सुधार्न गैरराजनीतिक व्यक्ति नियुक्त गरिनुपर्छ : मन्त्री पुन

**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले देशका विश्वविद्यालय सुधारका लागि राजनीतिक हस्तक्षेप अन्त्य गरी गैरराजनीतिक र योग्य व्यक्तिलाई नेतृत्वमा ल्याउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

नेपाल उच्चशिक्षा प्रतिष्ठान (एनएचएफ)ले तिनकुनेस्थित भिएस निकेतनमा शनिबार आयोजना गरेको 'नेपालीको उच्चशिक्षाका लागि नीतिगत ढाँचा' विषयक छलफल कार्यक्रममा मन्त्री पुनले विश्वविद्यालयका कुलपति र उपकुलपति पदमा राजनीतिक पहुँचभन्दा योग्यता, इमानदारी र स्वतन्त्र निर्णय क्षमता भएका व्यक्तिको नियुक्ति अनिवार्य हुनुपर्ने धारणा व्यक्त गरे ।

उनले विश्वविद्यालयलाई ज्ञान, अनुसन्धान र नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्न राजनीतिक भागबन्डा सबै भन्दा ठूलो बाधक बनेको बताए । उनले भने, 'प्रधानमन्त्री कुलपति हुने व्यवस्था रहँदा विश्वविद्यालयमा राजनीतिकरण भएका छन् भन्ने गुनासो सधैं आइरहेका छन् । विश्वविद्यालय सुधारका लागि अब गैरराजनीतिक र नेतृत्व गर्नसक्ने योग्य व्यक्तिलाई जिम्मेवारी दिनुपर्छ ।'

हाल नेपालका १८ वटा विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति रहने व्यवस्था रहेको जनाउँदै मन्त्री पुनले उपकुलपति, रेक्टर, रजिस्ट्रार तथा डिनहरूको नियुक्ति प्रधानमन्त्रीमार्फत हुने भएकाले त्यसमा राजनीतिक भागबन्डा, आफ्नो मान्छे नियुक्त गर्ने प्रवृत्ति मौलाउँदै गएको बताए । 'यस्तो अवस्था अन्त्य गर्नका लागि योग्य व्यक्ति नेतृत्वमा आउनुपर्छ । विश्वविद्यालयको शैक्षिक गुणस्तर, अनुसन्धान र स्वायत्ततालाई गुणस्तरीय र स्वतन्त्र बनाइनुपर्छ,' उनले भने ।

मन्त्री पुनले प्रधानमन्त्री विश्वविद्यालयको कुलपति रहने व्यवस्था हटाउन आवश्यक कानुन संशोधन प्रक्रिया अघि बढाइएको जानकारी दिए । उनले भने, 'प्रधानमन्त्री कुलपतिमा



नबस्ने र बोर्ड अफ ट्रस्टी वा काउन्सिलमार्फत योग्य, निष्पक्ष र गैरराजनीतिक व्यक्तिलाई कुलपति चयन गर्ने व्यवस्था हुनुपर्छ ।'

मन्त्री पुनले शहीद दशरथचन्द विश्वविद्यालय, गेटाका लागि उपकुलपति (भिसी) नियुक्तिको विषयमा समेत जानकारी गराउँदै तीन पटक आवेदन आह्वान गर्दा पनि कुनै आवेदन नपरेकाले अब पुनः अर्को पटक आवेदन माग गर्ने तयारी भइरहेको बताए ।

'तीनतीन पटक भिसीका लागि आवेदन माग गर्दा कसैको पनि आवेदन नपर्नु दुःखको कुरा हो,' मन्त्री पुनले भने, 'यदि राजनीतिक भागबन्डाबाट नियुक्ति हुने हो भने धेरैको आवेदन पर्थ्यो होला । अहिले त्यस्तो चलन रोकिएको छ, त्यसैले आवेदन नपरेको हुनसक्छ ।'

कार्यक्रमका सहभागी शिक्षाविद्हरूले पनि विश्वविद्यालय सुधारका लागि राजनीतिक हस्तक्षेप अन्त्य गर्नुपर्नेमा जोड दिए । प्राध्यापक डा. मिनबहादुर विष्ट, उपप्राध्यापक डा. दीपेन्द्र पराजुली, उपप्राध्यापक मनोजकुमार कर्णलगायतले विश्वविद्यालयलाई ज्ञान उत्पादनको केन्द्र बनाउने हो भने नेतृत्व चयन पूर्ण रूपमा गैरराजनीतिक, पारदर्शी र योग्यतामा आधारित हुनुपर्ने धारणा राखेका थिए ।

नेपाल उच्चशिक्षा प्रतिष्ठानका अध्यक्ष प्राध्यापक डा.तीर्थराज खनियाले कार्यक्रमको उद्देश्य र सान्दर्भिकतामाथि प्रकाश पार्दै 'नेपालको उच्चशिक्षा प्रणालीलाई समयानुकूल सुधार गर्न नीतिगत स्पष्टता, संस्थागत स्वायत्तता र उत्तरदायी नेतृत्व अपरिहार्य रहेको बताए ।

# गण्डकीमा बढ्दो मानसिक स्वास्थ्य समस्या, छैन अस्पताल

**कास्की/मस–** गण्डकी प्रदेशमा मनोसामाजिक समस्या भएका बिरामीको संख्या दिनानुदिन बढ्दै गएपनि उक्त रोगको निदान तथा औषधोपचारका लागि विशिष्टिकृत र सुविधायुक्त अस्पतालको अभाव छ ।

अन्य अस्पतालमा पनि दरबन्दीअनुसार मानसिक रोगका विशेषज्ञ चिकित्सक नहुँदा उपचार सेवा प्राप्त गर्न कठिनाइ छ । मानसिक समस्याबाट गुज्रिरहेका दुरदराजका बिरामी महँगो खर्चमा काठमाडौंका अस्पतालमा पुग्न बाध्य छन् । गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकका अनुसार गण्डकी प्रदेशमा हालसम्म मानसिक अस्पताल



छैन । प्रदेशको स्वास्थ्य मन्त्रालयले पोखरामा विशिष्टिकृत अस्पताल सरहको मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र निर्माणका लागि पहल गरेपनि त्यसले सार्थकता पाइनसकेको उनको भनाइ छ । स्वास्थ्य मन्त्रालय र जिल्ला समन्वय समिति, कास्की मिलेर उक्त केन्द्र निर्माणका लागि गत वर्षदेखि छलफल हुँदै आएको थियो । स्वास्थ्यमन्त्री पाठकले मानसिक स्वास्थ्य समस्या विकराल बन्दै गएकाले प्रदेशस्तरमा सुविधायुक्त मानसिक अस्पताल आवश्यकता औंल्याए । उनका अनुसार गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य समस्याकै कारण औसतमा दैनिक दुई जनाले आत्महत्या गर्ने गरेको आँकडाले देखाएको छ ।

मन्त्रालयले मानसिक रोगको निदान, परामर्श, उपचारलगायतमा गुणस्तरीय सेवा प्रदान गर्ने गरी मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापनाका लागि पहल अगाडि बढाएको थियो । पोखराको सिर्जनाचोकमा रहेको जिल्ला समन्वय समितिको जग्गामा उक्त केन्द्र निर्माण गर्ने गरी विभिन्न चरणमा छलफल भएको मन्त्री पाठकले बताए ।

# शिक्षकको एक्लो प्रयासले बन्यो जिल्लाकै नमुना विद्यालय

**मध्यान्ह संवाददाता**
सल्यान, २७ मंसिर

सल्यानको शारदा नगरपालिका-५ स्थित जनकल्याण प्राथमिक विद्यालय २०८० सालमा मर्ज हुने सूचीमा थियो । उक्त विद्यालयमा जम्मा पाँच जना विद्यार्थी थिए । तर, आजभोलि ९५ बालबालिकाको भविष्य बोकेको विद्यालयका रूपमा स्थापित भएको छ । शिक्षक कृष्णबहादुर ओलीको सक्रियताले सम्भव भएको अभिभावकहरू बताउँछन् ।

शिक्षक ओलीको विद्यालयमा सरुवा भएर आएसँगै विद्यालयको अवस्था पूर्णरूपमा परिवर्तन भएको छ । ओलीले विद्यार्थीको घर-घरमा पुगेर निजी विद्यालयमा



भर्ना भएकालाई फिर्ता ल्याए । अभिभावक र समुदायलाई संगठित गरेर केही महिनामै विद्यार्थी संख्या ५ बाट ९५ पुऱ्याए र विद्यालय मर्ज हुनबाट जोगियो ।

उनकै पहलमा असहाय बालबालिका लक्षित छात्रावास सञ्चालनमा आएको छ । हाल छात्रावासमा टुहुरा र बेवारिसे अवस्थाका ३१ जना बालबालिकाले निःशुल्क बसोबास, खानपान र शिक्षाको सुविधा पाइरहेका छन् । समुदायका अगुवा गंगाराम रोकाले निःशुल्क उपलब्ध गराएको घरमा छात्रावास सञ्चालन भइरहेको छ भने नगरपालिकाको सहयोगमा सुविधासम्पन्न नयाँ भवन निर्माणको प्रक्रिया अघि बढेको छ ।

विद्यालय र छात्रावासलाई सुदृढ बनाउन डिभिजन वन कार्यालय सल्यानका प्रमुख तथा डिभिजनल वन अधिकृत टेकबहादुर रावलले आफ्नो जन्मदिनको अवसरमा छात्रावासमा आश्रित असहाय बालबालिकाका लागि खाद्यान्न सामग्री वितरण गरेका छन् ।


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग

## शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय

मझगाँउ, कञ्चनपुर

### बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति :- २०८२/०८/२८**

यस कार्यालयको आ.व. ०८२/०८३ मा स्विकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको हात्तिको लागि खाद्यान्न आपूर्ति कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो कार्य गर्न मु.अ.कर दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, इजाजत पत्र, घरेलु दर्ता प्रमाणपत्र, आ. वा ०८१/०८२ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी इच्छुक व्यवसायीले तपसिल अनुसारको अवधिभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नुहुन अनुरोध छ । साथै बोलपत्र दस्तुर वापतको रकम (फिर्ता नहुने गरि कार्यालय कोड : ३२९०३७६०१ खाता न. : ११०७५ र शिर्षक न. १४२२९ तथा नगद बैंक जमानतको लागि खाता न.४१८०१००१०२०३०००० (ख), कोष तथा लेखा नियन्त्रण कार्यालय, कञ्चनपुर वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकको बैंक जमानत पेश गर्नु पर्ने छ। उक्त बोलपत्र विद्युतीय मध्यमबाट मात्र गर्न सकिने छ। विस्तृत जानकारीको लागि PPMO को website:- http://bolpatra.gov.np मा हेर्न हुन अनुरोध छ।

**तपसिल**

| सि नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान मु. अ. बाहेक (रु.) | बोलपत्र दस्तुर (रु.) | जमानत रकम | जमानत विवरण |
|---|---|---|---|---|---|---|
| १. | ShNP/NCB/rashan/082/083-01 | घर पालुवा हात्तिको लागि खाद्यान्न आपूर्ति । | २५,२८,६६१.१६/- | ३,००० | ७४,००० | कम्तिमा १२० दिन म्याद भएको |

**बरिष्ठ संरक्षण अधिकृत**



## Dashrathchand Municipality
## Office of Municipal Executive

**Sudurpaschim Pradesh, Nepal**

**Invitation for Bids for the Various Civil Works at Dashrathchand Municipality**

**Date of publication: 2025/12/14, Mansir 28th 2082**

1. **The Office of Municipal Executive**, ***Dashrathchand Municipality, Gdi, Baitadi*** invites electronic bids from Nepalese eligible bidders for Various Civil Works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | DCM/NCB/WORKS/01/2082/083 | Construction Of Health Post Building Ward No.9 | 78,50,519.69 | 2,30,000/- | 3,000/- NRS |
| 2 | DCM/NCB/WORKS/02/2082/083 | Construction Of Health Post Building Ward No. 11 | 29,96,740.42 | 85,000/- | 3,000/- NRS |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Municipal Executive**, ***Dashrathchand Municipality, Gadi, Baitadi*** , Phone number:095520241 Email: dnpbaitadi@gmail.comor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.Bidders, submitting their bid electronically, should deposit nonrefundable fee of **NRS 3000** bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank
   Name of the Bank : RASTRIYA BANIJYA BANK, Gothalapani, Baitadi
   Name of Office : Dashrathchand Municiality
   Office Account no Rajaswa khata Bid Fee. : **GA 1.1 405010030101002**
   Office Account no Dhaurati khata/ Bid Security.:**4050100303000002**
4. Bidders are advised to visit actual site before submitting their bids. Bidders must submit along with their bids Firm/Company Registration Certificate, Business Registration Certificate (License), PAN/VAT Registration Certificate, Tax clearances certificate for the F/Y 2081/82 or Tax return submission evidence or evidence of tax time extension for, Power of Attorney, self-declaration letter and Letter of Bid.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12 HOURS*** on **2026/01/13, 29 Push 2082**. The bids will be opened at **2 pm, 2026/01/13, 29 Push 2082** at, ***Dashrathchand Municipality Office, Gadi, Baitadi***. Bids must be valid for a period of ***90*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२८ मंसिर २०८२ आइतबार
14 December 2025 Sunday

## सम्पादकीय

# लोकप्रियता बढाऊ

नेकपा एमाले ११औं महाधिवेशनमा छ। यो पार्टीले विधान अधिवेशनमार्फत तीन महिनाअगाडि नै पार्टीको नीति तय गरिसकेको छ। अब त्यसलाई अगाडि बढाउने नेतृत्व चयन गर्न शनिबारबाट महाधिवेशन सुरू भएको हो। जहाँ आन्तरिक लोकतन्त्रको अभ्यास कस्तो हुन्छ ? भन्ने चासो स्वयं पार्टीभित्र र बाहिर समेत छ। किनभने सामूहिक नेतृत्वको अभ्यास गर्दै आएको एमालेमा पछिल्लो केही वर्षयता आन्तरिक लोकतन्त्र कमजोर भएको भन्दै आलोचना भइरहेको छ। खासगरी केपी शर्मा ओली नेतृत्वमा आएपछि नीतिभन्दा नेतालाई प्रधान मान्न थालिएको देखिन्छ। ११औं महाधिवेशनले त्यो प्रवृत्तिको अन्त्य गरेर आन्तरिक लोकतन्त्रलाई बलियो बनाउनु आवश्यक छ।

एकातर्फ एमालेभित्रको आन्तरिक लोकतन्त्रको कुरा छ भने अर्कोतिर स्मरणीय छ– पुरानो वामलोकतान्त्रिक शक्ति एमालेले त्यस्तो बेला महाधिवेशन गर्दै छ, जतिबेला पुराना दलहरूमाथि अनेक प्रश्न उठेका छन्। २०४६ सालको परिवर्तनपछि निरन्तर सत्तामा पुगेका दलहरूको कुशासन, अयोग्यता र अति राजनीतीकरणकै कारण देशमा अहिलेको निराशाजनक आएको भन्दै वैकल्पिक शक्तिहरू जन्मिन खोज्दै छन्। एमालेले भनेजस्तै आफूलाई निर्णायक शक्तिका रूपका कायम राख्ने हो आफूलाई पुनः प्रमाणित गर्नुपर्नेहुन्छ।

एमालेका २२ सय ६२ जना महाधिवेशन प्रतिनिधिले नेतृत्व चयन गर्दै छन्। उनीहरूले पक्कै बुझेका छन्– मुलुकको नयाँ दिशा कोर्ने राजनीतिक दलका नीति र नेतृत्वले हो। जस्ता नीति र नेतृत्व रहेका राजनीतिक दललाई जनताले अनुमोदन गर्छन् मुलुक त्यस्तै बन्छ। यसकारण जनताको मन जित्न पनि राजनीतिक दलले नागरिकको आकांक्षा र चाहनालाई ख्याल गर्दै उनीहरूलाई विश्वासमा लिन सक्नेगरी आफूलाई प्रस्तुत गर्नुपर्छ। ताकि चुनावमार्फत जनताको मत लिएर पार्टीको नेतृत्वमा सरकार बनाएर नीति लागू गर्न सकियोस्। अन्यथा जति राम्रो नीति भए तापनि सरकारमा गएर लागू गर्न नसकिए त्यसले अर्थ राख्दैन।

कोही पनि नागरिक सत्तामा पुग्न सक्ने शासन व्यवस्था ल्याउन नै लामो संघर्ष गरेका नेपाली नागरिकहरूले यो पनि बुझेका छन्– लोकतन्त्रमा दलहरू जनताको आवाज बोक्ने संगठित शक्ति हुन्। बलिया दलहरूबिना न लोकतन्त्र सुदृढ हुन्छ न त बलियो सरकार नै बन्न सक्छ। त्यसैले दलहरूको विकल्प दलहरू नै हुन्। तर नेपालमा दलहरूले लोकप्रियता गुमाउँदा एउटै पार्टीले बहुमत प्राप्त गर्न नसक्ने स्थिति छ। दल विशेषको पक्षमा ठुला चुनावी लहर आउन छाडेको छ। निर्वाचन प्रणालीलाई दोष दिएर दलहरूले संघीय र प्रदेश सरकारहरूलाई निरन्तर अस्थिर बनाइरहेका छन्। मुख्यतः तीन ठुला दलहरू आलोपालो सत्ता सञ्चालन गरिरहेका छन्। यसले पनि बहुमत प्राप्त गर्न सक्ने बलिया दलहरूको खाँचो छ। यस्तो बेला एमाले आफ्नो संस्कार देखाउनुपर्नेछ। किनभने लोकतन्त्र कुनै शासन व्यवस्था मात्र होइन। यो संस्कृति हो। लोकतन्त्रका सारथि ठान्ने दलहरूले आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्न सक्दा मात्र राजनीतिमा पनि लोकतान्त्रिक संस्कृतिको विकास हुन सक्छ।

# ओलिटिक्सको पोलिटिक्स

*अहिले एमाले पार्टी ओलिटिक्सले धराशायी बन्न खोज्दै छ। भए भरका विकृत र विकृतिग्रस्त चरम विसंगत चरित्रले घेरिएर बसेका ओली स्टालिन बन्न आतुर देखिन्छन्।*

**अग्रलेख**



● प्रा.डा. बद्रीविशाल पोखरेल

एमालेका अध्यक्ष केपी शर्मा ओली ११ औं महाधिवेशन निकट अवस्थामा विचलित देखिए। फेरि पनि विद्या भण्डारीलाई धामी र झाँक्रीझैँ आफ्ना विरुद्ध जेहाद छाडेर लागेको निर्लज्ज तरिकाले बताए। यसको प्रतिवाद उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले ओलीलाई नाजवाफ पार्ने गरी दिइन्। सारमा उनले ओलीलाई स्त्रीद्वेषी बताइन्। अष्टका अनुसार एउटी आमालाई तथानाम गाली गर्नेले कुनै महिलालाई सम्मान गर्दैन। अष्टका कुराबाट ओलीले महिला अस्मितामाथि दिन दहाडै आक्रमण गरेकामा तीव्र आक्रोश प्रकट हुन्थ्यो। शाक्यले ओली अब सुध्रिँदैनन् त्यसैले ओलीलाई उधार्नु वा महाधिवेशनमा पराजित गरी धुलो चटाउनु अपरिहार्य रहेको समेत टिप्पणी गरिन्। नभन्दै ओली आफ्नू भएको र बाँकी बचेको आफ्नो उचाइ धुलोमा मिलाउन आतुर देखिन्छन्। यो ओलीको राजनीति होइन पुँजीवादी र सामन्तवादी भन्दा पनि निक्कै तल ओर्लिएर ओली राजनैतिक रङ्गमञ्चमा तमासा देखाइरहेका छन्। टिक्स, ट्याक्टिस, ट्रिक्सका भरमा राजनीति गरेको स्वाङ गरिरहेका छन्।


कम्युनिस्ट, एमाले र जबजका नाममा राजनीतिक चरित्रको चीरहरण गरिरहेका छन्। उनलाई उनैले आफू खुसी र अझ मनपरी तरिकाले बनाएको नीति, विधि मात्र मान्छन्। योभन्दा राजनीतिका नाममा भद्दा मजाक केही नै हुन्न।

कम्युनिस्ट हुनु असल मान्छे हुनु हो भन्ने सुनेको र जननेता मदन भण्डारी जस्ता केही उदाहरणीय नाम र काम देखेको तर अहिले पार्टी अध्यक्षकै गैर मार्क्सवादी तथा जबजका ठिक विपरीतका चरम अशोभनीय बोली वचन र व्यवहार देख्दा पंक्तिकार जस्ता धेरैलाई देख्नेलाई लाज लाग्ने अवस्था सिर्जना भयो। तर नग्न अवस्थामा चौबाटामा बिस्ट्याउनेलाई कत्ति पनि लाज र सरम देखिएन। अझ अचम्मको कुरा त के छ भने जननेता मदन भण्डारीलाई चार वटी जोईको पोइ र साझा सहकारी लुट्ने डाकाभन्दा धेरैको मन कुँडिएको छ। हुन त एक समय नोकर शाही जनवादमा अभ्यस्त हुँदा मै पनि आंशिक रूपमा ओलीलाई महान् ठान्थेँ। त्यसैले र उनका बारेमा गर्नै पर्ने आलोचनात्मक लेख लेख्न सकिन र अहिले पछुतो लागेको छ।

तर अब ओली अर्धनग्न वादशाहमा अवतरित भए पछि जनताको रगत र पसिनाबाट सहिदहरूको महान् त्याग र बलिदानबाट निर्मित पार्टीको मूल आधार जोगाउन लागि परेको छु। अझ भाइ फुटे गँवार लुटे भनेझैँ यस्ता आन्तरिक विभाजन र विग्रहकारी गतिविधिले देशको अस्तित्व नै धरमर हुने हो कि भन्ने भय रहेको छ। एमाले र नेपाली कांग्रेस जस्ता मुलुकका प्रमुख पार्टी आन्तरिक रूपमा एक ढिक्का हुन् र विखण्डित नहुन् भावनाले लेखन कर्मका साथ उद्बोधन गर्ने काममा लागिरहेको छु। जसले सत्य असत्य छुट्याउन सक्छ त्यसैले कपडछान न्याय गर्न सक्छ। जसले सात पत्र मुनिको सूचना थाहा पाउँछ, उसैले गलत सूचनालाई खण्डित गर्न सक्छ। जो सित इमानदारिता र उच्च विवेक छ उसैले राजहाँसको झैँ दूधको दूध र पानीको पानी छुट्याउन सक्छ र समाजमा न्याय स्थापना गरिछाड्छ।

मदनले २०५० साल जेठ ३ गते पोखरामा जीवनको अन्तिम प्रशिक्षणात्मक सम्बोधन गरे। त्यसमा उनले विश्व कम्युनिस्ट आन्दोलनमा प्रमाणित गल्तीलाई हामीले दोहोऱ्याउन किमार्थ हुन्न भने। पार्टी, संगठन, नेता, कार्यकर्ता र संगठकलाई टुल्स/औजार बनाउनु हुन्न भन्ने कुरामा जोड दिए। अर्थात् पार्टी र संगठनलाई अमुक प्रमुख नेताले आफ्ना नितान्तः निजी स्वार्थ सिद्ध गर्न काँटा चम्चा बनाउनु हुन्न, यसो गरियो भने अहिलेकै अवस्था पार्टीमा आउँछ।

तर ओली भने पार्टीलाई आफ्नो निजी कम्पनी जस्तै बनाए। असत्य अन्यायको प्रतिरोध अनिवार्य मात्रै होइन अपरिहार्य हुन्छ र यसको प्रतिवाद यही मंसिर २७ गतेदेखि हुने पार्टी महाधिवेशनका बहुसङ्ख्यक प्रतिनिधिले गर्नेछन्। प्रथम महिला राष्ट्रपति तथा पूर्व एमाले उपाध्यक्ष विद्या भण्डारीको आफैले नवीकृत सदस्यता खोस्ने ओलीको निकृष्ट कामको जवाफ प्रतिनिधिले दिनेछन्। विद्याका छाया र छविदेखि ओली अत्यन्त त्रसित भएकाले उनले विद्यालाई रोकेको



स्पष्ट हुन्छ। महाधिवेशनमा आफू विद्यासित प्रतिस्पर्धा गर्न नसक्ने अवस्था ओलीले देखे र षडयन्त्रपूर्वक अध्यक्ष हुने धाँधली सोच उनमा पलाएको हो।

निरङ्कुश चरित्रका ओलीलाई वरिष्ठ नेता ईश्वर पोखरेलले अध्यक्षमा प्रतिस्पर्धा गर्ने घोषणासँगै ओली तीन ठाउँमा भाँच्चिए। कम्प्रेहेन्सिभ डेमोक्रेसी ओलीको सिद्धान्त हो। उनी जबजलाई क्रमशः विस्थापित गर्ने कपटपूर्ण सोचमा छन्। तर जबजका रक्षकहरू जीवित छन् भन्ने सशक्त आवाज अधिवेशनमा स्पष्ट हुँदै गएको छ। ओली महाधिवेशन प्रतिनिधि मनोनयन गर्न पनि हच्किएका थिए। ओली अहिले आफ्नै छायादेखि तर्सिन थालेको देखिन्छ। उनलाई आफ्नै वरिपरि घुम्ने झुन्डले नै भित्री रूपमा साथ दिँदैनन् कि भन्ने पनि पिर छ। गर्जिने बादलले पानी पार्दैन। अहिले एमाले पार्टी ओलिटिक्सले धराशायी बन्न खोज्दै छ। भए भरका विकृत र विकृतिग्रस्त चरम विसंगत चरित्रले घेरिएर बसेका ओली स्टालिन बन्न आतुर देखिन्छन्। आफू सीतै जबज सहित समग्र जनप्रिय आन्दोलनलाई मटियामेट पार्न उनी उद्यत छन् तर मदन भण्डारी फाउन्डेसन ओली टिक्सको पोलिटिक्सलाई ठेगान लगाउने किल्ला रहेको छ। यही कुरा बुझेका ओली फाउन्डेसनलाई तथानाम आरोप लगाउन थालेका छन्।

ओली जबजका मूल्य मान्यता विरुद्ध देखा पर्दै छन्। जबजले राम्रो काम राम्रै तरिकाले सम्पन्न गर्नुपर्छ भन्छ। यसले योग्य र योग्यतम मध्येबाट पार्टीको नेतृत्व चयन गर्नुपर्छ भन्छ, तर ओली एक्लो वीर बन्न चाहन्छन्। जबज र मदनले पार्टी सिद्धान्त, कार्यक्रम कार्यदिशा कार्यनीति आदि विषयमा आम कार्यकर्तालाई पारङ्गत बनाउनु पर्छ भन्छ। यसैले मदनले पाँचौं महाधिवेशनमा देशका विभिन्न क्षेत्रमा मिनी महाधिवेशन गराए तर ओली भुस्कल विद्यार्थी मात्र भेला गर्न चाहन्छन्। जबजले सिद्धान्त मात्र होइन, व्यवहारले समेत जनताको मन जितेर नेतृत्व गर्ने कुरामा जोड दिन्छ तर ओली आश, त्रासमा पारेर अध्यक्ष हत्याउन चाहन्छन्। विद्या भण्डारीले राष्ट्रपति हुँदा सदस्यता त्यागेको होइन, स्थगन गरेको उनको पत्रबाट अवगत हुन्छ। विद्याको सक्रिय राजनीतिमा प्रवेश गर्ने बारे ओली नै पहिलेदेखि सहमत थिए। यसलाई ओलीले नै विभिन्न अवसरमा आफैँले पुष्टि पनि गरेका छन् तर अहिले आखिरीमा आएर त्यसका विरुद्ध ओलीले फलाको गरिरहेको देख्दा तमाम एमालेजन तीन छक्क परेका छन्।

र, विगत असार १४ गते ओलीले जननेता मदन भण्डारीमाथि जुन तथानाम आरोप लगाए, त्यसबाट तमाम एमालेजन भित्रभित्रै जलेका छन्, तर बाहिर बाहिर मुखर हुन नसके पनि तिनको आवाज मतपेटिकाबाट प्रतिध्वनित हुनेछ। ओलीले महिला अस्मितमाथि धावा बोलेको पीडा पनि मतदानका बेला गुन्जिनेछ। किनकि यो राणा, शाह र लालफिताशाहको शासन होइन।

ओली आफ्नै वरपर अहोरात्र भन्किरहने हरिया झिँगाले औँसा पारेको देख्दैनन्। ओलीलाई घेरेर बसेका अधिकांश माथिल्लो तहका नेता भनिएकाहरू पार्टीमा र जनतामा कुनै पनि र कत्ति पनि प्रभाव नभएकाहरू छन्। भक्ति र भजन गर्नेहरू कर्म गर्दैनन्। मार्क्सवाद र जबजले अन्तर्विरोधबारे सुस्पष्ट धारणा राखेको छ। मित्रवत् अन्तविरोधलाई शत्रुवत् देख्ने रतन्धो रोगबाट ओली ग्रसित छन्। 'अज्ञमानक जब जागे तब सबेरा' भनेझैँ यही महाधिवेशनमा मतदान गर्नुभन्दा अघि नै भ्रमित नेता र कार्यकर्ताले ओलीलाई राम्ररी चिन्नेछन्। चिनेपछि तिनले ओली पथ परित्याग गर्नेछन्। नोकर शाही जनवादमा अभ्यस्त हुँदा आफैँले पनि बेलैमा सबै विकृति बोल्न र घोल्न सकिएन। एक समय अर्ध दास बनेको यो लेखकझैँ छन् भने तिनले बेलैमा विचार गर्नुपर्छ। निःस्वार्थ र निःशर्त पार्टी नीति सिद्धान्त र आन्दोलन जोगाउने मनहरू सबै खालका आश त्रास र बतासका कुप्रभावमा पर्दैनन्। र, तिनीहरू नोकर शाही जनवादका विरुद्ध उभ्भिन्छन्, जसरी दीपक निरौलालगायत काठमाडौंली, पाटने र भक्तपुरे तमाम नेता कार्यकर्ता उभिन थालेका छन्। जान्ने बुझ्ने र सूचनाको सात पत्र मुनिका गुह्य कुरा बुझ्नेहरू नै अघि बढ्नुपर्छ।

> *ओली जबजका मूल्य मान्यता विरूद्ध देखा पर्दै छन्। जबजले राम्रो काम राम्रै तरिकाले सम्पन्न गर्नुपर्छ भन्छ। यसले योग्य र योग्यतम मध्येबाट पार्टीको नेतृत्व चयन गर्नुपर्छ भन्छ, तर ओली एक्लो वीर बन्न चाहन्छन्।*

जनता लामो समय धैर्य गर्ने अवस्थामा छैनन्। महाधिवेशनमा नै कमरेड महाराज प्रवृत्तिलाई ठेगान नलगाई हुन्न। फलाम तातेको बेला घन बर्साउनुपर्छ। त्यसैले आम, तमाम नेता र कार्यकर्ता प्रतिनिधि मिलेर ओलिटिक्सलाई किनारा लगाउनै पर्छ। शरीरभित्रको बिस तत्वलाई बेलैमा ठेगान लगाइएन भने जीव र जीवन तत्व क्षतिग्रस्त हुन्छ र पार्टी थला पर्छ। पहिले पनि पार्टी अध्यक्ष र प्रधानमन्त्री छाड्नु पऱ्यो भने कुर्सीको खुट्टा नै भाँचिदिन्छु भन्ने ओली दुर्नियत थाहा भएकै हो। एमाले काठमाडौंलगायत अरू जिल्ला पार्टी र प्रदेशका नेताले ओलीका गुह्य र गोप्य कर्तुत अवलोकन गरेका छन्। इटहरीको यो लेखक अहिले महाधिवेशन निकट काठमाडौँमा ओलिटिक्सको विकृत पोलिटिक्सबारे राम्रै जनकार भएको हुँदा तमाम एमाले जन र जनतालाई यस लेख मार्फत सुसूचित गरिएको हो।।

*(लेखक, एमाले पूर्व केन्द्रीय सदस्य हुन्।)*

## इतिहासमा आज

१४ डिसेम्बर १९९९ मा भेनेजुएलाको वर्गासमा मुसलधारे वर्षाले अचानक बाढी निम्त्याउँदा दशौं हजारको मृत्यु भएको थियो भने हजारौं घरहरू नष्ट भएका थिए। जसमा खर्बौंको क्षति भएको बताइन्छ।



१४ डिसेम्बर २००३ मा पाकिस्तानी राष्ट्रपति परवेज मुशर्रफ हत्या प्रयासबाट बच्न सफल भए। रावलपिन्डी शहरमा उनी सवार गाडीमाथि बम हानिएको थियो।



१४ डिसेम्बर २००४ मा संसारको सबैभन्दा अग्लो पुल, मिल्लाउ भयाडक्ट, फ्रान्सको मिल्लाउ नजिकै औपचारिक रूपमा उद्घाटन भएको थियो।



१४ डिसेम्बर २०१३ मा दक्षिण सुडानमा भएको कू प्रयाससँगै सैन्य दमनमा सयौं हताहती भएको थियो।




## सामाजिक सञ्जाल




**रञ्जित तामाङ**

इतिहासकै पहिलो महिला प्रधानमन्त्रीका महिला नै महान्यायाधिवक्ता ! महिला महान्यायाधिवक्ता पनि इतिहासमै पहिलो ! नम्बर दिने हो भने बदमासीमा पनि पहिलो नै हुने देखियो। किशोरीहरूका डिम्ब तस्करलाई जोगाएकी महान्यायाधिवक्ताले नाबालिग बलात्कारीलाई पनि जोगाउने भएछिन्।



**किशोर नेपाल**

मन्त्रीपरिषद्को साइज बढ्दै गएको छ। मन्त्री बनेका महोदयहरू फागुन २१ का लागि तोकिएको संसदीय चुनावमा भाग लिन पार्टी खोलेर प्रचारमा लागेका छन्। प्रम कार्कीका लागि कतिपय मन्त्री घाँडो बनेका छन्। न्याय प्रवीण प्रम कार्कीले कुरा बुझ्नु भएकै होला। कुरा 'जेनजी'का भाइ-बहिनीले बुझे राम्रो !



**जैनेन्द्र जीवन**

जेनजी आन्दोलनको अवमूल्यन र संसद् पुनर्स्थापना हुनै पर्ने दुई विवादित अडान बाहेक महाधिवेशन उद्घाटनमा ओलीको सम्बोधन उनको स्वभाव विपरीत घोचपेच रहित र समग्रमा राम्रो लाग्यो। कम्युनिस्ट जार्गन रहित र लोकतन्त्र र समृद्धि जस्ता विषयमा जोड दिइएको सम्बोधनको सुन्दर पक्ष थिए।



**डा. नवराज पन्त**

अहिले च्याउ सरि उम्रेका दलहरूमा विचारधारा स्पष्ट छैन। समग्रमा लोकतान्त्रिक नेपालको दलहरूभित्र आन्तरिक प्रजातन्त्रको अभ्यास न्यून छ, प्रायमा विचारधारा स्पष्ट छैन, सदस्यता कसलाई दिने स्पष्ट छैन, आन्तरिक अनुशासनको अभाव छ र दिगो विकासको खाका छैन। नेपाल अन्योलमा फस्नुको कारण यही हो।

# मौलिक क्रान्ति र व्यवस्थाको आवश्यकता

**विचार**



● नारायण शर्मा

> *नेपालको मौलिकता र विशिष्टतामा आधारित क्रान्तिको नयाँ मोडेल तयार गर्न आवश्यक छ। यसको उद्देश्य भनेको समाजवाद उन्मुख, नेपाली जनवादी व्यवस्था स्थापना गर्नु हो, जसले राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको संरक्षण गर्दै सामाजिक न्याय, समानता र समृद्धिको बाटो खोल्न सकिन्छ।*

नेपालमा समाजवाद उन्मुख पुँजीवादी जनवादी क्रान्ति र व्यवस्थाको नयाँ, अग्रगामी र मौलिक रूप खोज्नु आवश्यक भएको छ। नेपाली विशिष्टता र मौलिकतामा आधारित भएर मात्र नेपालमा कम्युनिस्ट क्रान्ति र व्यवस्थालाई पूर्ण र सफल बनाउन सकिन्छ। यसरी मात्र नेपाल राष्ट्र, नेपाली जनता, नेपाली क्रान्ति र नेपाली व्यवस्थाको संरक्षण र समृद्धि गर्न सकिन्छ। यसपछिको कदम भनेको यस्तो नयाँ क्रान्ति र व्यवस्थाको मोडेललाई सर्वहारा अन्तर्राष्ट्रीयतावादको भावनासहित अन्तर्राष्ट्रीयकरण गरेर आफ्नो राष्ट्रिय र अन्तर्राष्ट्रीय दायित्व पूरा गर्नु हो। यसलाई अझ सुदृढ पार्नुपर्छ र आवश्यक छ।

यस्तो क्रान्ति र व्यवस्था नाम वा रूपमा केही भिन्न भए पनि, कार्य र सारमा मूलतः जनताको राष्ट्रिय जनवादी स्वीकृति प्राप्त गर्ने उद्देश्य राख्छ। तथापि, यो चीनको जस्तो क्रान्ति भएर चीनकै जस्तो हुबहु मिल्ने नयाँ जनवाद नभएर, यसमा नयाँ जनवादका आधारभूत कुराहरूका अतिरिक्त नेपाली मौलिकता र विशेषतामा आधारित क्रान्ति हुनेछ। यसमा एकातिर थप जनवादी अधिकारहरू जनतालाई प्राप्त हुनेछ भने अर्कातिर, राष्ट्रिय स्वाधीनता, स्वाभिमान र सार्वभौमिकताको संरक्षण र समृद्धिमा विशेष जोड दिइनेछ।

यस्तो नयाँ रूप खोज्नु आवश्यक भएको कारणहरू स्पष्ट छन्। पहिलो, नेपालको विशिष्ट स्थिति र दोस्रो, कम्युनिस्ट नेताहरूका भ्रष्ट, दलाल र कायर चिन्तन र चरित्रका कारण पार्टी र आन्दोलनको बदनामी, बेइज्जति, विकृति र विसंगतिको सामना गर्नुपरेको हो। यसका कारण जनतामा वितृष्णा, विद्रोह र विष्फोटको भावना बढेको छ।

त्यसैले, पहिलो कुरा भनेको नेपाली मौलिकता र विशेषताबारे पहिचान गर्नु हो। नेपालका विशिष्टतामा आधारित भएर केही भिन्न र नयाँ तरिकाले क्रान्ति सम्पन्न गरी नयाँ व्यवस्थाको स्थापना गर्नु आवश्यक मात्र नभइ बाध्यता पनि बनिसकेको छ। यहाँ ध्यान दिनुपर्ने कुरा भनेको, नेपालको नजिकै रहेका विश्व साम्राज्यवादका मुख्य नाइके अमेरिकासमेतका साम्राज्यवादी मुलुकहरूका सामूहिक दबाब र आक्रमणको जोखिम हो। कम्युनिस्टहरूले क्रान्ति गरेपछि ती मुलुकहरूले हाम्रो आन्दोलनलाई कमजोरी बनाउने प्रयास गर्न सक्छन् र यही कारणले हामीले आफ्नै ढंगबाट क्रान्ति र व्यवस्थालाई अगाडि बढाउनु पर्छ।

यस विषयमा, क्युबामा फिडेल क्यास्ट्रोको नेतृत्वमा कम्युनिस्ट क्रान्ति सम्पन्न गरिसकेपछि, उनीहरूले आफ्नो क्रान्तिलाई कुनै पनि आधिकारिक नाम बिना नै सफल बनाएका थिए। यसले स्पष्ट पार्छ कि हामीलाई नेपालको विशिष्टता र मौलिकतामा आधारित क्रान्ति गर्नु पर्छ, जसले अन्य मुलुकहरूको तुलनामा फरक तरिकाले प्रगति र समृद्धिको बाटो खोल्दछ।

नेपाल सधैँ स्वतन्त्र राष्ट्र भएको भए तापनि, सुगौली सन्धि पश्चात् नवउपनिवेशको क्रममा छ। आजको दिनमा, नेपाल साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको प्रभावमा परेको छ। नेपाल दुई ठूला छिमेकी शक्तिहरूको केन्द्रमा रहेको एक संवेदनशील भूराजनीतिक स्थिति भोगिरहेको छ। खुला सिमाना र भूपरिवेष्ठित अवस्थाका कारण, नेपालमा जनसांख्यिक अतिक्रमण र अन्य अतिक्रमणको समस्या बढेको छ। सँगै, हाम्रो समाजमा वर्णाश्रम व्यवस्थाले विभाजन र विद्रोहको वातावरण सिर्जना गरेको छ। नेपालमा विभिन्न जाति, भाषा, धर्म र संस्कृति रहेका छन्, जसले साम्राज्यवादी 'फूट र शासन' नीतिका लागि बल पुऱ्याएको छ। नेपाल कृषिप्रधान देश भएको र कृषि उपजमा परनिर्भर रहेको तथ्य पनि महत्वपूर्ण छ। यसले अर्थतन्त्रमा गहिरो असन्तुलन र अस्थिरता सिर्जना गरेको छ।

नेपालको राजनीतिक र सामाजिक अवस्था कमजोर पारिएको छ, जहाँ भ्रष्टाचार, दलालीकरण, उदारीकरण र औपनिवेशीकरणका कारण हाम्रो अस्तित्व संकटमा परेको छ। सँगै, नेपालको राजनीति गुटबन्दी र भ्रष्टाचारमा घेरिएको छ, जसका कारण आम जनतामा वितृष्णा र असन्तुष्टि फैलिएको छ।

नेपालको मौलिकता र विशिष्टतामा आधारित क्रान्तिको नयाँ मोडेल तयार गर्न आवश्यक छ। यसको उद्देश्य भनेको समाजवाद उन्मुख, नेपाली जनवादी व्यवस्था स्थापना गर्नु हो, जसले राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको संरक्षण गर्दै सामाजिक न्याय, समानता र समृद्धिको बाटो खोल्न सकिन्छ। यसका लागि, एक नयाँ दृष्टिकोण र शक्ति आवश्यक छ, जसले जनताको विश्वास र समर्थन प्राप्त गर्छ। यदि यसरी क्रान्ति र व्यवस्थाको नयाँ ढाँचा तयार पारिन्छ भने, यो क्रान्ति विकास र विजयको मार्गमा अघि बढ्न सक्छ। यसै क्रममा, समाजवाद उन्मुख साम्यवादको निर्माण गरिनेछ र नेपाललाई एक नयाँ दिशामा लैजान सकिन्छ।

# नवलपरासी पश्चिम–१ बाट त्रिपाठीको एकल सिफारिस

बिनोद निगम/मध्यान्ह
नवलपरासी, २७ मंसिर

आगामी २०८२ फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनका लागि जनता प्रगतिशिल पार्टी नेपालले नवलपरासी पश्चिम-१ बाट एकल सिफारिस गरेको छ ।

मंगलबार बसेको पार्टीको क्षेत्रीय कार्यसमिति-१ को बैठकले त्रिपाठीलाई सर्वसम्मत रूपमा उम्मेदवार सिफारिस गर्ने निर्णय गरेको हो । बैठकमा आगामी निर्वाचनका लागि रणनीति, संगठन सुदृढीकरण, मतदाता परिचालन तथा स्थानीय तहसँगको समन्वय लगायत विषयमा विस्तृत छलफल भएको जनाइएको छ ।

सिफारिससम्बन्धी आधिकारिक जानकारी जिल्ला अध्यक्ष राधेरमन पाण्डेयले जारी गरेको पत्रमार्फत सार्वजनिक गरेका छन् । उनका अनुसार त्रिपाठीको दीर्घ राजनीतिक अनुभव, नेतृत्व क्षमता तथा



जनस्तरमा रहेको विश्वासलाई आधार मानेर पार्टीले उनलाई उम्मेदवारका रूपमा अघि सारेको हो । पाण्डेयका अनुसार त्रिपाठीको उम्मेदवार सिफारिसपछि पार्टीपंक्तिमा उत्साह थपिएको छ भने स्थानीय तहमा निर्वाचन तयारी अझ सक्रिय बनेको छ ।

# नि:शुल्क स्वास्थ्य शिविरमा ३ सय बढीले लिए सेवा

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २७ मंसिर

अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा नि:शुल्क स्वास्थ्य परीक्षण शिविर सम्पन्न भएको छ । सन्धिखर्क नगरपालिकाको आयोजना र ग्यास्ट्रो सेन्टर प्रालि बुटवलको प्राविधिक सहयोगमा एक दिने नि:शुल्क स्वास्थ्य परीक्षण शिविर सम्पन्न भएको हो । विभिन्न रोगका विशेषज्ञ डाक्टरबाट सेवा दिने उदेश्यले नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । शिविरमा पेट, छाती, आन्द्रा कलेजो जस्ता रोगहरूको उपचार गरिएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले जानकारी दिए ।

सन्धिखर्क नगरपालिका र छिमेकी पालिकामा रहेका नागरिक लक्षित शिविरको आयोजना गरिएको श्रेष्ठले बताए । उनका अनुसार 'सन्धिखर्क नगरवासीसँगै जिल्लाका सबै नागरिकको स्थास्थ्य परीक्षण गरिएको छ । उपचार गर्न अन्यन्त्र जान नपाएकाहरूको उपचार गर्ने उदेश्यले नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको हो । घर छेउमै विभिन्न रोगको परीक्षण गर्न पाउँदा बिरामीहरूलाई सहज भएको स्थानीय श्रीकृष्ण भुसालले बताए । नि:शुल्क स्वास्थ्य लाभ



लिन बुटवल, काठमाडौंसम्म पुग्नुपर्ने बाध्यतामा रहेका विरामीले सन्धिखर्कमै विशेषज्ञ डाक्टरहरूसँग चेकजाँच गराउन पाउँदा बिरामीहरूले खुसी व्यक्त गरेका थिए । शिविरमा नि:शुल्क औषधी वितरण, ल्याब सेवा पिसाब, सुगर जाँच, इसिजी, भिडियो एक्सरे सेवा प्रदान गरिएको थियो । सन्धिखर्क नगरपालिकाले नागरिकको स्वास्थ्यलाई पहिलो प्रथामिकतामा राखेर काम गर्दै आइरहेको सन्धिखर्क नगरप्रमुख श्रेष्ठले दाबी गरे ।

शिविरमा प्राय: पेटसम्बन्धी बिरामी भेटिएको ग्यास्ट्रो सेन्टर बुटवलका प्रमुख एवं विशेषज्ञ डाक्टर मोहन भुसालले जानकारी दिए । हाल जिल्लामा सामान्य उपचारबाहेक विशेषज्ञ सेवा लिन अनेत्र जानुपर्ने अवस्था रहेको छ । अहिले जिल्लावासीको उपचार गर्दै आएको अर्घाखाँची अस्पतालमा हाडजोर्नी र प्रसूती सेवाबाहेक अन्य रोगको विशेषज्ञ डक्टरहरू छैनन् ।

जिल्लामा भौतिक संरचना अभावले पनि विशेषज्ञ सेवा दिन कठिन रहेको जनप्रतिनिधि बताउछन् । जिल्ला अस्पतालमा विशेषज्ञ सेवा नहुन्जेल बेलाबेलामा आयोजना हुने शिविरले बिरामीको उपचारमा टेवा पुग्नगे नगरप्रमुख श्रेष्ठको भनाइ छ । सुविधा सम्पन्न अस्पताल नभएकै कारण कयौं नागरिकहरू जिल्लाबाट बसाइँसराइँ सरेको स्थानीयको गुनासो छ । शिविरमा ३ सयभन्दा बढी बिरामीको स्वास्थ्य परीक्षण गरिएको नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक प्रकाश परियारले जानकारी दिए ।

# श्रीराम लखन हरि साह गुरुकुल सञ्चालनमा

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २७ मंसिर

रौतहटको सदरमुकाम गौर नगरपालिका-२ स्थित श्रीराम लखन हरि साह गुरुकुल विद्यापीठ दीर्घकालीन शैक्षिक योजना अन्तर्गत सञ्चालनमा आएको छ।

गौर नगरपालिकाले आयोजना गरेको कार्यक्रममा गुरुकुलका आचार्य सञ्जीव झाले उक्त विद्यापीठ सधैंका लागि सञ्चालनमा ल्याइएको बताएका छन् ।

उनले गुरुकुल केवल ६ महिनाका लागि सञ्चालन हुने भनि फैलिएको अपुष्ट सूचना र भ्रामक हल्लामा विश्वास नगर्न विद्यार्थी, अभिभावक तथा सम्पूर्ण नगरवासीलाई आग्रह गरेका छन्।

आचार्य झाका अनुसार गुरुकुल विद्यापीठ संस्कृत शिक्षा तथा वैदिक परम्पराको संरक्षण र प्रवर्धन गर्ने पवित्र उद्देश्यका साथ स्थापित भएको हो ।

दीर्घकालीन शैक्षिक योजनाअन्तर्गत नियमित रूपमा सञ्चालन हुनेछ । यहाँ विद्यार्थीहरूलाई शास्त्रीय शिक्षा, वेद, वेदान्त र कर्मकाण्ड सम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिनेछ, जसले उनीहरूलाई नैतिक, चरित्रवान् र समाजप्रति जिम्मेवार नागरिक बनाउन मद्दत गर्ने झाले विश्वास व्यक्त गरे ।

गौर नगरवासीका लागि लामो समयदेखि आवश्यक्ता




भएको भन्दै गुरुकुल सांस्कृतिक शैक्षिक केन्द्र बन्नेमा दुईमत नरहेको बताए ।

उनले स्थानीयवासी, अभिभावक र सरोकारवालाहरूलाई गुरुकुलको उद्देश्यमा विश्वास र सहयोगका साथ अघि बढ्न अनुरोध गरेका छन् ।

रौतहटको शैक्षिक विकासमा नयाँ आयाम थप्ने यस गुरुकुलले परम्परागत शिक्षालाई आधुनिक आवश्यकतासँग जोड्दै अघि बढ्ने झाले प्रतिबद्धता व्यक्त गरेका छन् ।

## गुराँस हाइड्रो लिमिटेड
ललितपुर

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

(पहिलो पटक प्रकाशित मिति २०८२/०८/२८)

**आदरणीय शेयरधनी महानुभावहरु ,**

यस कम्पनीको संचालक समितिको मिति २०८२/०८/२५ गतेका दिन बसेको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने र उक्त साधारण सभामा निम्न विषयहरु उपर छलफल गरी निर्णय गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, स्थान र समय :**
**मिति : २०८२ साल पौष महिना २० गते आइतबार**
**स्थान : कम्पनीको केन्द्रिय कार्यालय, ललितपुर**
**समय : दिनको १:०० बजे**

**छलफलका विषयहरु:**
**क) सामान्य प्रस्ताव**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
**ख) विविध ।**

## Adanchuli Rural Municipality
## Office of Rural Executive
**Shreengar, Humla**
**Karnali Province, Nepal**

### Invitation for Bids (E-bidding only)

**First Date Of Publication:-2082-08-28 BS (2025-12-14 AD)**

1. Adanchuli Rural Municipality Office Shreenagar, Humla invites E-bids from eligible bidders for the procurement of following works under NCB

| S. N. | Contract ID. No. | Description of Work | Estimated Amount (Without Vat | Bid Security Amount (NRs.) | Bidding Document Fee (NRs) | Bid Validity /Bid Security validity period | Bid Submission Deadline | Bid Opening Deadline |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 01/NCB/ ARM/2082-83 | Shreenagar Swasthya Chouki Bhawan Nirmaan | 89,07,474.19 | 2,50,000 | 3,000.00 | 90 days/120 days from the bid opening date | 2082/09/30 BS (2025-01-14 AD), 10:00 AM Online | 2082/09/30 BS (2025-01-14 AD), 1:00 PM ARM Office |
| 2. | 02/NCB/ ARM/2082-83 | Kalkhe Dekhi Kuilekh Hudai Adanchuli Madanathan Sadak Nirmaan | 22,11,944.00 | 60,000.00 | | | | |

2. Bidder should submit their bid electronically along with submission of signed letter of bid, copy of Business registration and renew certificate upto F.Y.2082/83 & Tax clearance of FY 2081/82.

| Information regarding | Bank | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Bid document fee | Global IME Bank, shreenagar, Humla | Ga.1.1 Aantarik Rajaswo Khata Adanchuli, 27204010000009 | 80664501 |
| Bid security deposit | | Ga.3.Dharauti Khata Adanchuli, 27204010000005 | |

3. Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO)

**Chief Administrative Officer**

### Invitation for Bids

## Arnama Rural Municipality
## Office of the Rural Municipal Executive
**Arnama, Siraha**
**Madhesh Province, Nepal**
**Date of publication: 14-12-2025 (2082-08-28 BS)**

1. ***Arnama Rural Muncipality*** invites electronic bids from Nepalese eligible bidders for the different projects under National Competitive Bidding & Sealed Quotation procedures. Details as below table

| S.N. | NAME OF PROJECT | Contract Identification No. | Cost of Bid Document | Bid Validity Period | Bid Security Amount & Validity Period | Estimated Amount with Vat, Ps & Contingency | Bidding Process |
|---|---|---|---|---|---|---|---|
| 1 | Arnama-5 Krishi Bidhutikaran | 04/WORKS/ ARNRM/ NCB/082-83 | 3000.00 | 90+30 days after bid opening | Nrs.73,000 00 & **2083-01-30 BS** | Nrs. **2997841.97** | **Only E-Bid** |
| 2 | Arnama-1 Mahanaur Maa Krishi Bidhutikaran | 05/WORKS/ ARNRM/ NCB/082-83 | 3000.00 | 90+30 days after bid opening | Nrs.59,000 00 & **2083-01-30 BS** | Nrs. **2495444.94** | **Only E-Bid** |
| 3 | Arnama-3 Krishi Bidhutikaran Karya Ka Laagi Pole Tar Kharid Tatha Jadan (Sabik Ward No. 9,4,5 rw 6) | 06/WORKS/ ARNRM/ SQ/082-83 | 1000.00 | 45+30 days after bid opening | Nrs.47,000 00 & **2082-11-30 BS** | Nrs.**1999447.13** | **Only E-Bid** |

2. **Last date of bid purchase: 15th and 30th day** of notice publication for Sealed Quotation & National Competitive Bidding respectively**;** **Last Date of Bid Submission: 16th and 31 th day** of notice publication at 12:00 PM for Sealed Quotation & National Competitive Bidding respectively; **Bid opening: 16th & 31th day** of notice publication at 2:00 PM for Sealed Quotation & National Competitive Bidding respectively; in the presence of Bidders' representatives who choose to attend at the office of **Arnama Rural Municipality.**
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Arnama Rural municipality*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the **Arnama Rural Municipality** (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
Information to deposit the cost of bidding document in Bank:
***Name of the Bank : Nabil Bank Ltd, Arnama, siraha .***
***Name of Office : Arnama Rural Municipality***
***Office Code no. : 1125816 Office Account no.: 22401017500008***
5. Pre-bid meeting shall be held Only For NCB at Arnama Rural Municipality at 2082-09-23 at 2:00 PM.
6. Electronic bids must be submitted to the office **Arnama Rural Municipality** through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 PM*** on **16th and 31 th day** of notice publication for Sealed Quotation & National Competitive Bidding respectively Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on*** **16th and 31 th day** of notice publication for Sealed Quotation & National Competitive Bidding respectively at the office of **Arnama Rural Municipality**.
8. ***Information to deposit the bid security amount in Bank:***
***Name of the Bank: Nabil Bank Ltd, Arnama, siraha ( Dharauti khata )***
***Name of Office: Arnama Rural Municipality***
***Office Code no. : 1125816 Dharauti Office Account no.: 22401017500036***
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# झुमा लिम्बूले ल्याइन् 'कर्नाली सलल'

**काठमाडौं/मस-** बहुचर्चित गीत 'काफ्ले'की गायिका झुमा लिम्बूको नयाँ गीत सार्वजनिक भएको छ । 'कर्नाली सलल' बोलको गीत झुमाले आफ्नै युट्युब च्यानलमार्फत सार्वजनिक गरेकी हुन् ।

कर्णाली प्रदेशको स्थानीय लवजमा रहेको गीत स्थानीय परिवेशलाई समेट्दै प्रेममा केन्द्रित छन् । उमेरमै माया-प्रेम र घरबार बसाएको राम्रो भन्ने प्रेमिल गीतको मुख्य आकर्षण भनको आञ्चलिक लय



हो । कर्णालीका स्थानीयले बोल्ने शब्द प्रयोग गरिएको र सोही क्षेत्रको टोन रहेको गीतले बोलचाल र हासखेल गर्नु नै राम्रो रहेको बताउँछ । गीतमा हर्क साउदको शब्द तथा कालीप्रसाद बास्कोटाको संगीत छ । गीतको भिडियोका अनिल सुब्बा र निर्मला लिम्बूको अभिनय छ । कृजन महतले भिडियो निर्देशन गरेका छन् ।

निकै सशक्त देखिएको भिडियोमा कलर ग्रेडिङ पनि राम्रो देखिएको छ । यो गीत झुमाले करिब दश वर्षदेखि गाउँदै आए पनि भिडियो भने अहिले निर्माण भएको हो ।

---

## Paroha Municipality
## Office of the Municipal Executive
**Laukaha, Rauthat**
**Madhesh Pradesh, Nepal**

### INVITATION FOR ELECTRONIC BID

**Invitation for Bids No: 02/082/083**
**Date of publication:2082/08/28 (14th, Dec,2025)**

Paroha Municipality, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open toall eligible Nepalese Bidders.

1. Paroha Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following works.

| Contract ID No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meating | Estimate Amount (NRs.) (including VAT) |
|---|---|---|---|---|---|---|---|
| PAROHA/RAUT/BISHES/G/3/082/083 | Supply and Instalation of School Furniture & Educational Materials for Paroha Municipality's Schools | 3000.00 | 3,50,000 | 2082/09/28 (12th Jan, 2026) | 2082/09/28 (12th Jan, 2026) | 2082/09/11 (26th Dec, 2025) | 1,32,00,959.18 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Paroha Municipality, **Office** of the Municipal Executive, Laukaha, Rautahat, Madhesh Province, Nepal during office hours or may visit **PPMO** website www.bolpatra.gov.np/egp
3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system:www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document states as below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Parbhu Bank    Name of Office:Paroha Nagarpalika,
   Account Name.:GA-1.1 PAROHA NA.PA.ANTARIK RAJASWO KHATA
   Account no.:1490113664300015    Cost of Bid Doc Fee:NRs.3000.00
4. Pre-bid meeting shall be held at Paroha Municipality, Office of the Municipal Executive, Laukaha, Rautahat,Madhesh Province, Nepal on above mentioned date and time.
5. Electronic bids must through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time.Bids received after this deadlne will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Paroha Municipality and Office of the Municipal Executive, Laukaha,Rautahat,and Madhesh by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period (90 days) of the bid.
7. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in Paroha Municipality, Deposit account, Prabhu Bank Ltd.,Account No. 1490113664300041.
8. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders
9. If the date of opening/date of pre-bid meeting falls on public holiday then the work to be done will be postponed for the next working day.

**Chief Administrative Officer**

---

## सुदूरपश्चिम प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## शिक्षा विकास निर्देशनालय
## सामाजिक विकास कार्यालय
**बैतडी**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/८/२८**

यस सामाजिक विकास कार्यालय बैतडीको सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल bolpatra.gov.np/egp बाट प्रकाशित ठेक्का न. खरिद कार्यका लागि मिति २०८२/०७/२४गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही तपिशल बमोजिमको ठेक्काको बोलपत्र स्विकृतको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को (२) र (३) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकिशत गरिन्छ ।

**तपसिलः**

| क्र. सं. | ठेक्का न | कामको विवरण | छनौट भएको फर्मको नाम | कबोल अंक (मू अ कर सहित) |
|---|---|---|---|---|
| १ | SDO/NCB/Works/1/2082-83 | Construction Of School Building at Jagannath Multiple Campus Gothalapani, Baitadi | Archana Nirman Sewa, Baitadi. | 3,337,540.14 |
| २ | SDO/NCB/Works/2/2082-83 | Construction Of School Building at Basudev Ma.vi. Liskita , Surnaya-2 , Baitadi | Udaydev Nirman Sewa | 3,767,790.78 |
| ३. | SDO/NCB/Works/3/2082-83 | Construction Of Prefab Building for Staff Quater at District Hospital , Baitadi | B.P. Construction. | 5298230.54 |
| ४ | SDO/NCB/Works/4/2082-83 | Maintenance Of School Building at VirendraMa.Vi. Shahilek , Baitadi | Bokati & Brother's Construction | 3,701,736.79 |

---

## नबिल बैंक लिमिटेड, सि.वि.यू. विभाग, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८२/०८/२८)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०७/१३ को आर्थिक अभियान पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा सि.वि.यू. विभाग, काठमाडौं** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

#### ऋणी कम्पनीको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०४०/०३/०६ मा दर्ता नं. १६५२/२६/०२७ अन्तर्गत दर्ता भएको **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** ।
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३५, तिनकुने ।

#### कम्पनीका सञ्चालकहरु तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. गिरमान भण्डारीको नाति, उमाकान्त भण्डारीको छोरा दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२, तिनकुने बस्ने, ना.प्र.नं. २२८ (जारी मितिः २०४४/१०/२६, स्थान दाङ) भएको **तुलसीराम भण्डारी** ।
२. गेमान जैसीको नाति, उमाकान्त भण्डारीको छोरा दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ६ बस्ने, ना.प्र.नं. २९३०६/१४९० (जारी मितिः २०६८/०५/०२, स्थान दाङ) भएको **शरद भण्डारी** ।
३. दियारामको नाति, गेमान जैसीको छोरा दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ८ बस्ने, ना.प्र.नं. २९३०६/१८७६ (जारी मितिः २०४१/०२/१५, स्थान दाङ) भएको **उमाकान्त भण्डारी** ।
४. सोमध्वज खड्काको नाति, नाति बाबु खड्काको छोरा नुवाकोट जिल्ला विदुर न.पा. वडा नं. ४ जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२, तिनकुने बस्ने, ना.प्र.नं. ७२/०४५ (जारी मितिः २०४५/०४/१०, स्थान नुवाकोट) भएको **आर्जु खड्का** ।
५. सोभाकर रेग्मीकी छोरी उमाकान्त भण्डारीकी बुहारी, तुलसीराम भण्डारीकी श्रीमती दाङ जिल्ला डूरुवा गा.प. वडा नं. ७ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२, तिनकुन बस्ने, ना.प्र.नं. १७११/५६४ (जारी मितिः २०४६/०३/१९, स्थान दाङ) भएकी **राधा कुमारी रेग्मी** ।

#### धितोको विवरण

**धितोमा रहेको घर/जग्गाको विवरणः**

१. दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२, तिनकुने बस्ने, **तुलसीराम भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला तीनथाना न.पा. वडा नं. ९ नक्सा सिट नं ९ मा अवस्थित कि.नं. क्रमश ३३५, ६७४, ३३१, ३२९, ६७५, ६७०, ३३३, ६७१, ३३९, ३३७ र ३२७ क्षेत्रफल क्रमश ०-०-३-१, ०-०-१-०, ०-०-३-३, ०-१-०-०, ०-१-३-०, ०-५-०-०, ०-०-२-०, ०-५-१-०, ०-०-०-२, ०-०-२-० र ०-१-३-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२, तिनकुने बस्ने, **तुलसीराम भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला विदुर न.पा. वडा नं. २ नक्सा सिट नं २ मा अवस्थित कि.नं. ७५४, क्षेत्रफल ४-१३-१-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२, तिनकुने बस्ने, **तुलसीराम भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला काठमाडौं म.न.पा.(चावहिल) वडा नं. ६ नक्सा सिट नं १०२१०२८०५ मा अवस्थित कि.नं. १७२,१७४, १२४ र ११२ क्षेत्रफल २५४.३४,२७६.१६,१९.७८ र १७.८८ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ६ बस्ने, **शरद भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ जिल्ला हरिद्वार गा.वि.स. वडा नं. २ नक्सा सिट नं २क मा अवस्थित कि.नं. ३५६२ क्षेत्रफल ३०४७.६७ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
५. दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ८ बस्ने, **उमाकान्त भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दाङ जिल्ला हरिद्वार गा.वि.स. वडा नं. २ नक्सा सिट नं २क मा अवस्थित कि.नं. ३५६३ र १६२ क्षेत्रफल २७५९.०३ र १११७.३२ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
६. दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२, तिनकुने बस्ने, **तुलसीराम भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कैलाली जिल्ला नवलपुर गा.वि.स. वडा नं. १ नक्सा सिट नं १ मा अवस्थित कि.नं. क्रमश ६६८, ६६७, ६७० र ६६९ क्षेत्रफल क्रमश ०-११-१०-०, ०-१-१०-०, ०-३-१०-० र ०-०-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरणः**

१. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना.१.क.९०४७ भएको MAN Truck.
२. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना.१.क.९०४८ भएको MAN Truck.
३. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना.१.क.९०५० भएको MAN Truck.
४. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना.१.क.९११५ भएको MAN Truck.
५. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना.१.क.९०४९ भएको MAN Truck.
६. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा.४.ख.८८१८ भएको Terra 16 HDR Tipper.
७. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा.४.ख.९९१२ भएको Terra 16 HDR Tipper.
८. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा.२.क.६२७७ भएको JCB 220 Tracket Exavator.
९. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा.२.क.६२७५ भएको JCB 220 Tracket Exavator.
१०. ऋणी **गणपति ग्रुप अफ कन्सट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा.२.क.६२७४ भएको JCB 220 Tracket Exavator.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा सि.वि.यू. विभाग, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०९/१३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा सि.वि.यू. विभाग, काठमाडौंमा** बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०९/१४ गते ३:०० बजे बैंकका केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको **नाम**मा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार वा सि.वि.यू. विभाग, काठमाडौंमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

---

### प्रमाण-पत्र हराएको सूचना

मिति २०८२/०७/१० गते जोरपाटीदेखि चाबहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको +२ तहको राष्ट्रिय परिक्षा बोर्डबाट प्राप्त भएको प्रमाण-पत्र हराएको हुँदा पाउनुहुने महानुभावले निम्न मोवाइल नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**Name : Mahesh Jirel**
**Reg No. : 747750060**
**S. No.: C0000183**
**Mobile: 9864000528**

---

### माँ इन्द्रायणी बहुउद्धेश्यीय सहकारी संस्था लि.
**का.म.न.पा-२६, गल्को पाखा, काठमाडौं**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस संस्थाको २९ औं वार्षिक साधारणसभा निम्नलिखित मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभाबहरू एवं सम्बन्धित सबैलाई अनिवार्य उपस्थितिका लागि अनुरोधका साथ जानकारी गराईन्छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२ पौष २१ गते सोमबार
समय : ११:३० बजे
स्थान : संस्थाको कार्यालय, गल्कोपाखा २६ काठमाण्डौं

सञ्चालक समितिको आज्ञाले
सचिव

---

### युएईमा रोजगार

कम्पनी : **AL BARAJEEL AL ASWAD TECH CONT**    शहर : **UAE**
पूर्व स्वीकृत मिति: २०८२/०४/१२    चलानी नं.: ६०२४१८०२    LT. No.: 327519    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | labourer / worker/ building worker / worker | 5 | 0 | | 1000 | ३९,३१० | | | | | | | |
| 3. | Painter Assistant | 2 | 0 | | 1200 | ४७,१७२ | | | | | | | |
| 4. | Steel Fixer | 4 | 0 | | 1500 | ५८,९६५ | | | | | | | |
| 5. | STONE MASON | 2 | 0 | | 1500 | ५८,९६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुस ६ गते (21 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RHR **Rose Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. १४५६/०७४/०७५
Sinamangal-9, Kathmandu, Tel.: 01-4116690, 4116669
Email : rosehumanresources12@gmail.com

---

## Bahradashi Rural Municipality
## Office of Rural Municipal Executive
**Chakchaki, Jhapa**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of publication: 2082/08/28 (14th December, 2025)**

Bahradashi Rural Municipality invites electronic bids from eligible bidders for the procurement of the following works under National Competitive Bidding (NCB) procedures.

| Contract ID | Description | Estimated Amount NRs. (With Vat & PS Excluding Contingency) | Bid Security & Validity | Cost of Bid Document | Last Date of Submission/ Opening Date |
|---|---|---|---|---|---|
| NCB/Bahradashi/Bridge/9/2082-83 | Ghagra Khola (Bahradashi Tatha Kankai) Pakki Pul Nirman. | 1,82,22,684.84 | 4,84,000/- & 120 days from deadline | 3000/- | 13th Jan., 2026 (13:00 hrs/ 13:15hrs) |

Eligible Bidders may obtain further information from the office of Bahradashi Rural Municipality, Chakchaki, Jhapa or may visit e-GP system: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# यु-१९ एसिया कप क्रिकेट
# नेपाल श्रीलंकासँग पराजित

काठमाडौं/मस- एसिसी यु-१९ एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल श्रीलंकासँग पराजित भएको छ। शनिबार भएको खेलमा नेपाल श्रीलंकासँग ८ विकेटले पराजित भएको हो। दुबईको द सेभेन्स रंगशालामा भएको खेलमा नेपालले श्रीलंकालाई जितका लागि ८३ रनको लक्ष्य दिएको थियो। श्रीलंकाले १४ दशमलव ५ ओभरमा दुई विकेट गुमाएर लक्ष्य पूरा गरेको हो। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल २८.५ ओभरमा सबै विकेट गुमाउँदै ८२ रनमा समेटिएको थियो।

नेपालका लागि सिब्रिन श्रेष्ठले सबैभन्दा बढी १८ रन बनाए। नेपालका आठ ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। बलिङमा श्रीलंकाका सेनेभिरत्नले ५ विकेट लिए। उनले ९.५ ओभरमा १ मेडन राख्दा २५ रन मात्र दिए। समूह ‘बी’ मा रहेको नेपालले आगामी सोमबार बंगलादेशसँग खेल्नेछ। यही मंसिर २६ गतेदेखि सुरु भएको उक्त प्रतियोगितामा नेपालसहित बंगलादेश, श्रीलंका, अफगानिस्तान, भारत, पाकिस्तान, युएई र मलेसिया सहभागी छन्।





# Rawa Besi Rural Municipality
## Office of Rural Municipal Executive
**Haramtar, Khotang**
**Website: rawabesimun.gov.np**

## Invitation For E-Bids

**Date of publication: 2082/08/28 (14th Dec, 2025)**

**Rawa Besi Rural Municipality**, *Office of Rural Municipal Executive*, **Haramtar**, *Khotang*, *Nepal* **invites open competetive Bidding (Electronic Bids Only) from eligible and qualified bidders for the following work under NCB procedures. For More Detail, Eligible and interested bidders may visit and download the bid documents from e-GP system. PPMO's website:** *http/www.bolpatra.gov.np/egp.*

| Contract ID | Description Of Works | Date of Invitation for E-Bids | Last Date and Time For Submission | Minimum Bid Security Amount | Bid Doc Fee |
|---|---|---|---|---|---|
| RAWA/Works/ NCB-03/2082/83 | Ward office Building Tala thap-01, Kubhinde | 2082/08/28 (14th Dec, 2025) upto 00:00 hrs. | 2082/09/29 (13th Jan, 2026) upto 12:00 hrs. | 76,500/- | 3,000/- |
| RAWA/Works/ NCB-04/2082/83 | Ward office Building Tala thap-03, Lamidanda | 2082/08/28 (14th Dec, 2025) upto 00:00 hrs. | 2082/09/29 (13th Jan, 2026) upto 12:00 hrs. | 76,500/ | 3,000/- |
| RAWA/Works/ NCB-05/2082/83 | Ward office Building Tala thap-05, Dubekol | 2082/08/28 (14th Dec, 2025) upto 00:00 hrs. | 2082/09/29 (13th Jan, 2026) upto 12:00 hrs. | 76,500/ | 3,000/- |

**Chief Administrative Officer**

# Dilasaini Rural Municipality
## Office of Rural Municipal Executive
**Dilasaini, Baitadi**
**Sudurpakshim Province, Nepal**

## Invitation For Bids

**Date Of Publication: 2082/8/28**

1. Dilasaini Rural Municipality, Office of the Rural Municipal Executive, Baitadi invites e-bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount Without VAT | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DRM/GOODS/NCB/ 1/2082-083 | Supply and delivery of medicines for Dilasaini Rural municipality | 90 days | 3592781.98 | 95000.00 | 3000.00 |

| Further Information to bidders; | |
|---|---|
| Last date and time of Bid Submission | 13-01-2026 ,12:00 hours (dd-mm-yy) , 2082-9-29 12:00 hours |
| Date, Time and Place of Bid Opening | 13-01-2026 13:00 hours (dd-mm-yy) , 2082-9-29 13:00 hours at Dilasaini Rural Municipality Office,Baitadi |
| Account No. for Bid Document Purchase | Kumari Bank Limited ,Dilasaini , ANTARIK RAJASHWA KHATA Dilasaini Rural Municipality-0880034242400008 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank: Kumari Bank Limited ,Dilasaini, Baitadi<br>Name of Office: Dilasaini Rural Municipality<br>Office Account No. : 0880034242400005 (DharautiKhata) |

2. Bidders shall submit their bids electronically only .
3. If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4 .For more information, please contact Dilasaini Rural Municipality, Baitadi.

**Chief Administrative Officer**

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८२/०८/२८**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय घोराही दाङबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले सिटिजन्स् सवारी कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा, ऋणी : श्री **शेर बहादुर राना / पिमा कुमारी राना** को हकमा मिति बि.सं.२०७८/०९/२८ नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, बिं.सं. २०८२/०२/१४ गतेको मध्यान्ह दैनिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना,प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ, जे, जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा बैंकको शाखा कार्यालय घोराही दाङ, दिउँसो ४:०० बजे गोप्य शिलबन्दी खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

| | |
|---|---|
| १. नाम : **शेर बहादुर राना**<br>बाबु : रुपा राना<br>बाजे : कमान सिं राना<br>ठेगाना : घोराही उ.म.न.पा.-११, दाङ<br>ना.प्र.नं. : १/५५३८<br>जारी मिति : २०४५/०१/१४<br>जि.प्र.का. : रोल्पा | २. नाम : **पिमा कुमारी राना**<br>पति : शेर बहादुर राना<br>ससुरा : रुपा राना<br>ठेगाना : घोराही उ.म.न.पा.-११, दाङ<br>ना.प्र.नं. : ८०४५/६२२<br>जारी मिति : २०४८/०९/०५<br>जि.प्र.का. : दाङ |

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | |
|---|---|
| १. नाम : **चेतन राना**<br>बाबु : शेर बहादुर राना<br>बाजे : रुपा राना<br>ठेगाना : घोराही उ.म.न.पा.-११, दाङ<br>ना.प्र.नं. : ५२१०२२/५१७<br>जारी मिति : २०६५/०५/२५<br>जि.प्र.का. : दाङ | २. नाम : **सम्झना पुडासैनी**<br>बाबु : ओम प्रकाश पुडासैनी<br>पति : चेतन राना<br>ससुरा : श्री शेर बहादुर राना<br>ठेगाना : घोराही उ.म.न.पा.-११, दाङ<br>ना.प्र.नं. : १३८७०६<br>जारी मिति : २०६३/०३/२९<br>जि.प्र.का. : गोरखा |
| ३. नाम : **तिलक राना**<br>बाबु : शेर बहादुर राना<br>बाजे : रुपा राना<br>ठेगाना : घोराही उ.म.न.पा.-११, दाङ<br>ना.प्र.नं. : ५२३०२२/१०७<br>जारी मिति : २०६३/११/२९<br>जि.प्र.का. : दाङ | ४. नाम : **प्रकृति राणा**<br>बाबु : मनोज जंग राणा<br>पति : तिलक राना<br>ससुरा : शेर बहादुर राना<br>ठेगाना : घोराही उ.म.न.पा.-११, दाङ<br>ना.प्र.नं. : ५२२०२५/१९८५<br>जारी मिति : २०६८/०२/०९<br>जि.प्र.का. : दाङ |

**धितो राखिएको सम्पत्तिको विवरणहरु**

**१. धितो सुरक्षण धनीको नाम:- सिटिजन्स बैंक इन्टरनेसनल लि. धनी कायम भई ऋणी शेर बहादुर राना रहेको सवारी साधन।**

| क्र.सं | सवारीको किसिम | इन्जिन नं. | चेसिस नं. | दर्ता.नं. |
|---|---|---|---|---|
| 1. | Mahindra Torro 25 Tipper | BAHZB11167 | MA1QDAHRCH6B48828 | Na 7 Kha 4401 |

**२. धितो सुरक्षण धनीको नाम:- पिमा कुमारी राना**

| जिल्ला | उ.म.न.पा/गा.बि.स. | वडा नं. | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| दाङ | ढिकपुर | १ क | | १७४ | (०-३-०) (बि.क.धु) | सो जग्गामा निर्माण भएको तथा पछी भविष्यमा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय घोरही, दाङ कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/०९/१४ गते सोमबार।**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय घोराही दाङ।**

Citizens Bank
**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

**Oman मा रोजगार** Company Name : Bilsan Al Sharq Trading
पुर्व स्वीकृती मिति: २०८२/८/२५ चलानी नं.:६०२४८७४० LT No.: 335053

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Manicurist (Female) | 1 | काममा दक्ष | 170 | ६३,७३०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ पौष ६ गते (21 Dec., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

## मधेश प्रदेश बारा जिल्लाको कोल्हवी नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने बकैया नदीको विभिन्न बगर क्षेत्रबाट दीगो रुपमा गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन कार्यका लागी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति २०८२/०८/२८**

मधेश प्रदेश बारा जिल्लाको कोल्हवी नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कोल्हवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बारा<br>फोन नं. ०५३-४१०११५, इमेलः kolhvinagar2071@gmail.com<br>वेबः www.kolhabimun.gov.np |
| प्रस्तावको व्यहोरा | कोल्हवी नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने बकैया नदीको विभिन्न बगर क्षेत्रबाट दीगो रुपमा गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा. | बारा जिल्ला/ कोल्हवी नगरपालिका वडा नं.२ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली,, जैविक प्रणाली,, सामाजिक प्रणाली,, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न कोल्हवी नगरपालिका वडा नं.२ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कोल्हवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोल्हवी, बारा<br>फोन नं. ०५३-४१०११५, इमेलः kolhvinagar2071@gmail.com<br>वेबः www.kolhabimun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा. लि.<br>बानेश्वर, काठमाण्डौ, फोन नं. ९८५१२०३४५३, ९८०१८४८८९३<br>इमेल ghrc018@gmail.com |

# विपन्न वर्ग कर्जामा भारी गिरावट
# आयात र उपभोग कर्जामा वृद्धि

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २७ मंसिर



नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको चालु आर्थिक वर्ष कात्तिक मसान्तसम्मको तथ्यांकअनुसार समग्र बैंक तथा वित्तीय संस्थाहरूको कर्जा, सापटी, क्षेत्रगत र उत्पादनगत कर्जा वितरणको प्रवृत्तिमा महत्वपूर्ण परिवर्तन भएको देखिएको छ। तथ्यांकअनुसार बैंक तथा वित्तीय संस्थाहरूको कुल कर्जा तथा सापटीमा ०.५२ प्रतिशतले संकुचन आएको, विभिन्न क्षेत्रगत र उत्पादनगत कर्जा वितरणको प्रवृत्तिमा महत्वपूर्ण परिवर्तन भएको देखिएको छ।

उत्पादनगत कर्जा प्रवाहको विश्लेषण गर्दा विपन्न वर्ग कर्जामा सबैभन्दा ठूलो गिरावट आएको छ। असोज महिनाको तुलनामा यस क्षेत्रमा ६.२२ प्रतिशतले कमी आएको छ अर्थात् र कुल रकम २ खर्ब ७४ अर्ब ६४ लाख ३० हजार रुपैयाँमा झरेको छ। तर, सो कात्तिक महिनामा आयातलाई टेवा पुऱ्याउने कर्जा र उपभोग कर्जामा वृद्धि भएको देखिन्छः

सो अवधिमा बिल पर्चेज कर्जामा सर्वाधिक अर्थात् ५.८२ प्रतिशत, ट्रस्ट रिसिप्ट कर्जा/आयात कर्जामा पनि २.४५ प्रतिशतको वृद्धि भएको छ। साथै, असोज महिनाको तुलनामा कात्तिकमा उपभोग कर्जामा ०.१२ प्रतिशतको सामान्य वृद्धि भएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ। जसको कुल हिस्सा ११ खर्ब ७१ अर्ब ३९ करोड ५० लाख रुपैयाँ रहेको छ। यद्यपि सो समयमा कार्यशील पुँजीसँग सम्बन्धित कर्जा प्रवाहमा भने संकुचन आएको छ। जस्तै, असोज महिनाको तुलनामा कात्तिकमा ओभरड्राफ्ट कर्जामा १.६५ प्रतिशतले कमी आएको छ भने नगद कर्जामा १.२७ प्रतिशतले र छोटो अवधिको कार्यशील पुंजी/डिमान्ड कर्जामा १.४८ प्रतिशतले कमी आएको छ।

तर, सो अवधिमा आवासीय व्यक्तिगत कर्जामा ०.५० प्रतिशत, सवारी साधन कर्जामा ०.६३ र मार्जिन प्रकृतिको कर्जामा ०.८८ प्रतिशतले वृद्धि भएको तथ्यांकले देखाएको छ।

क्षेत्रगत कर्जा प्रवाहमा भने समीक्षा अवधिमा ठूलो गिरावट आएको छ। कात्तिक मसान्त, २०८२ सम्मको क्षेत्रगत कर्जा वितरण हेर्दा, वित्त, बिमा तथा घरजग्गा क्षेत्रमा कर्जा प्रवाहमा ३.१६ प्रतिशत ले सबैभन्दा ठूलो गिरावट आएको देखिएको हो।

समग्र कर्जाको सबैभन्दा ठूलो अंश ओगटेको होलसेलर र खुद्रा बिक्रेता क्षेत्रमा पनि कर्जा प्रवाहमा १.०४ प्रतिशतले संकुचन आएको छ, जसको कुल रकम १० खर्ब ३७ अर्ब ०३ करोड ८० लाख रुपैयाँ पुगेको छ। यस्तै, यातायात, सञ्चार तथा सार्वजनिक उपयोगिता क्षेत्रको कर्जामा १.२० प्रतिशतले कमी आएको छ। तर, समीक्षा अवधिमा केही उत्पादन र पूर्वाधार क्षेत्रमा भने कर्जा प्रवाहमा सामान्य वृद्धि भएको देखिएको छ।

# अव्यावहारिक नीतिले निष्क्रिय कर्जा बढ्यो

**काठमाडौं/मस–** नेपाल राष्ट्र बैंकले लिने केही अव्यवहारिक नीतिले निष्कृय कर्जा बढ्दै गएको विज्ञहरूले बताएका छन्। बैंक तथा फाइनान्स एण्ड इन्स्योरेन्स इन्टिच्युट अफ नेपालले गरेको कार्यक्रममा विज्ञहरूले निष्कृय कर्जा बढ्नुमा राष्ट्र बैंककै कतिपय नीतिहरू रहेको बताएका हुन्।

पूर्व बैंकर ज्ञानेन्द्र ढुंगानाले राष्ट्र बैंकका निर्देशनहरु अव्यवहारिक हुँदा निष्कृय कर्जा बढीरहेको बताउँछन्। कर्जा रिकभरी गर्न ऋणीलाई चिठी कट्ने र नतिरे ३५ दिने कालोसूचीको सूचना निकाल्ने र लिलाम गर्ने अवस्थाले निष्कृय कर्जामा बढ्दै गएको बताए।

'ऋणीले साबा ब्याज नतिर्दा अहिले हामीले गर्ने भनेको चिठी काट्ने हो, तिरेन भने ३५ दिने सूचना निकाल्ने हो, फेरि नतिरे अर्को १५ दिन निकाल्ने हो, लिलाम गर्ने हो तर लिनसक्ने होइन', ढुंगानाले भने। बैंकको सानो सहयोगले प्रवाह गरिएको ऋणीको बिजनेस चलायमान हुने हुँदा साना व्यवसायीलाई बैंक तथा वित्तिय संस्थाले सपोर्ट गर्न पर्ने उनको भनाइ थियो।

ढुंगानाका भने भूकम्प, कोभिडको बेला सबै ऋणीलाई १०/२० प्रतिशत कर्जा दिन राष्ट्र बैंकले भनेको त्यतिबेला




एनपीए भएपनि थपिएर दिइएको भन्दै त्यसैकारण एनपीए घटेको बताए। साथै, उनले राष्ट्र बैंकले कर्जा दिन भन्दा निष्कृय कर्जा नहुने बैंक आफैंले दिँदा एनपीए हुने स्वभाविक नभएको संकेत गरे। उनले भने 'मुलुकमा राजनीतिक अस्थिरताले लगानी गर्न लगानीकर्ताहरू हिच्किचाउँछन्, अहिले लगानीकर्ताको मनोबल कमजोर भएको छ, यसलाई उठाउन जरुरी छ, छिट्टै चुनाव भएर मुलुकमा स्थायित्वमा लौजानुपर्छ।' एनपीएको परिभाषा र प्रोभिजनको व्यवस्थामा सुधार नगरिए खराब कर्जा बढेर जाने प्रशस्त सम्भावना रहेको उनले दाबी गरे।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक देवकुमार ढकालले राष्ट्र बैंकले ल्याएका नीतिहरू बैंकहरुले सही रूपमा कार्यान्वयन नगर्दा पनि समस्या भइरहेको बताए। उनले पुनःकर्जाका सुविधाहरूलाई बैंकहरुले सही रुपमा प्रवाह नभएको भन्दै सोही कारण कतिपय उद्योगी व्यापारीहरू अप्ठ्यारोमा परेर पलायन नै हुनुपर्ने स्थिति आएको बताए।

'राष्ट्र बैंकका निर्देशनहरू जेजति रूपमा आएका छन्, बैंकहरूलाई पोजेटिभ हिसाबले काम गर्नु भन्नेछन्, ग्राहकलाई धेरै सुविधा दिनुस् भनिएको छ, चलायमान हुनसक्ने सम्म बिजनेसलाई चलाउनुस् र राष्ट्र बैंकले दिएका सुविधामार्फत ग्राहकलाई सन्तुष्ट पार्नुस् भनिएको हो, पुनकर्जा होस्, या अन्य थप कर्जाको सुविधा होस्, यी जम्मै कुराहरू आएको क्लाइन्टलाई सुविधा दिनुस् भनेर हो, उसलाई रिलाभल गर्न समय दिनुस् भन्नका लागि आएका विषयवस्तु हुन्। यति हुँदाहुँदै पनि बैंकरहरु यही सुविधा दिनपनि आनकानी गर्दा रहेछौँ', पूर्वकार्यकारी निर्देशक ढकालले भने।

राष्ट्र बैंकले बैंकहरूलाई दिएका सुविधामार्फत ग्राहकलाई सन्तुष्टी पार्न चुकिरहेको ढकालले बताए। पूर्वबैंकर पर्शुराम कुँवर क्षत्रीले नियमनमा चुक्दा पनि अहिलेको खराब कर्जा बढिरहेको बताए। उनले भने 'सही रूपमा कर्जाको नियमन भएका बैंकहरूको ब्यालेन्स सिट राम्रो छ, बैंकहरूले धितोका आधारमा मात्रै ऋण दिनु हुँदैन, धितो लिनुपर्छ तर धितोकै आधारमा लोन दिनुहुँदैन, पाएसम्म लिनुहोस् तर सोचेर मात्रै लिनोस्।'

क्षत्रीका अनुसार समग्र अर्थतन्त्र खस्कँदा व्यापार-व्यवसाय प्रभावित भएको छ र खराब कर्जा बढेको हो। अहिले व्यापार-व्यवसाय छैन। त्यसैले ग्राहकको कर्जा चुक्ता गर्ने क्षमता पनि कमजोर भएको छ। बजारमा देखिएको नकारात्मक मनोविज्ञानले पनि अहिलेको अवस्था सिर्जना गर्न भुमिका खेलेको जस्तो लाग्ने उनले बताए।

# मधेशका अधिकांश पुल निर्माण अलपत्र



**काठमाडौं/मस–** मधेश प्रदेशका रौतहट र सर्लाहीका विभिन्न ठाउँमा पुल समयमै निर्माण नहुँदा त्यस क्षेत्रका बासिन्दा सास्ती बेहोर्न बाध्य भएका छन्। पुल निर्माणका लागि ठेक्का लगाए पनि काम हुन नसक्दा पुल निर्माण अलपत्र छ। रौतहट र सर्लाही जिल्ला जोड्नका लागि बागमती नदीमा दुईवटा पुल तोकिएको सयमा निर्माण नभई अलपत्र हुँदा यात्रुहरू वर्षौंदेखि जोखिमपूर्ण एवम् कष्टकर यात्रा गर्न बाध्य छन्। दुवै पुलले सर्लाही र रौतहट मात्र नभए पर्सा, बारा, रौतहटलाई मधेश प्रदेशको राजधानी जनकपुरलाई जोड्छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले शुक्रबार साँझ पुल निरीक्षण गरी निर्माण प्रगतिका बारेमा जानकारी लिएका छन्। पुल नहुँदा बेहोर्नुपरेको समस्याका विषयमा स्थानीयसँग भेटेर छलफल गरेका थिए।

पुल नबन्दा आम जनताको हरेक दिन बेहोरिरहेको समस्या देख्दा आफूलाई दुःख लागेको उल्लेख गर्दै मन्त्री घिसिङ आफू मन्त्री पदमा रहे या नरहे पनि खबरदारी गरिरहने बताए। स्थानीयले पुल तत्काल निर्माण सम्पन्न गर्न आग्रह गरेका थिए। रौतहटको दुर्गाभगवती गाउँपालिका र सर्लाहीको रामनगर गाउँपालिका जोड्ने बागमती नदी (गंगा पिपरा) जोड्ने सात सय मिटर लामो पुल अलपत्र छ। पुल निर्माणका लागि असार २०७३मा टुण्डी–रसुवा–पप्पु जेभीसँग ८६ करोड ३७ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो।


पछिल्लो पटक थपिएको ठेक्का सम्झौताको म्याद बमोजिम पुल निर्माण १३ कात्तिक २०८३ भित्र सम्पन्न गर्नुपर्ने छ। गत वर्षको असोजमा बागमती नदीमा आएको बाढीले पुलको एक स्पान र एक जग (फाउन्डेसन) बगाएको छ। पुलको निर्माण भौतिक प्रगति ८० प्रतिशत छ।हुलाकी राजमार्गअन्तर्गत सर्लाही र रौतहट जोड्ने बागमती (बडरवा) ६३४ मिटर लामो पुल निर्माणका लागि सुरुमा जेठ २०६७ मा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको थियो। साढे १२ वर्ष बितिसक्दा पनि पुल निर्माण हुन सकेको छैन। निर्माण व्यवसायीले काम गर्न नसकेपछि पुरानो ठेक्का तोडी वैशाख २०७९मा ६५ करोड १६ लाखमा नयाँ ठेक्का लगाइएको थियो।साढे दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हाल निर्माण प्रगति २० प्रतिशत मात्र छ। ठेक्काको म्याद चैत २०८३ सम्म थपिएको भएता पनि निर्माण व्यवसायी निर्माणस्थलमा परिचालित भएको छैन।

त्यस्तै, रौतहटको चपुरबाट उत्तरतर्फस्थित गैंडाटार चाँदी पुल १० वर्षदेखि निर्माण अलपत्र छ। मकवानपुरको बकैया गाउँपालिका जोड्दै धरान–चतरा–हैटौंडा सडक खण्डसँगसमेत जोड्नसमेत प्रयोग हुने पुल तीन पटक म्याद थपिए पनि अझै निर्माण सम्पन्न हुन सकेको छैन।

# केन्द्रीय बैंकले उपदान कोषमा रहेको रकम लगानी गर्ने

**काठमाडौं/मस–** नेपाल राष्ट्र बैंकले उपदान तथा पेन्सन कोषमा रहेको छ अर्ब ६० करोड बराबरको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ। केन्द्रीय बैंकले सूचना प्रकाशित गरी आफूले लिन चाहेको रकम र ब्याजदर समेत प्रस्ताव गरी आवेदन पेस गर्न आग्रह गरेको छ। केन्द्रीय बैंकले एक बर्षका लागि लगानी गर्न लागिएकाले यही मंसिर २९ गतेभित्र ब्याजदर प्रस्ताव गर्न आग्रह गरेको छ।

राष्ट्र बैंकले 'क' वर्गका वाणिज्य बैंकमा पाँच अर्ब २८ करोड, 'ख' वर्गका विकास बैंकमा ९९ करोड र 'ग' वर्गका वित्त कम्पनीमा ३३ करोड बराबर लगानी गर्न लागिएको सूचनामा उल्लेख छ। बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा भएको, तोकिएको न्यूनतम कुल कर्जा पुंजी कोष कायम भएको, निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेकोलगायतका



शर्त पूरा गरेको हुनुपर्नेछ।

त्यसैगरी केन्द्रीय बैंकले कर्मचारी सुरक्षण कोषमा रहेको एक अर्ब बराबरको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ। एक वर्षका लागि लगानी गर्न लागिएको उक्त रकमको ब्याजदरसहित प्रस्ताव गर्न सूचनामा आग्रह गरिएको छ। सूचनाअनुसार 'क' वर्गका वाणिज्य बैंकमा ८० करोड, 'ख' वर्गका विकास बैंकमा १५ करोड र वित्त कम्पनीमा पाँच करोड बराबर लगानी गर्न लागिएको हो।


## राप्ती सोनारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अगैया, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा 'घ' को (६), यस गाउँपालिकाको आर्थिक ऐन, २०८० र गाउँ कार्यपालिकाको मिति २०८२/०८/२८ गते बसेको बैठकको निर्णय बमोजिम तपसिलमा उल्लेखित गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका नदी, खोलाहरुको घाटबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन- २०७९ द्वारा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यी सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| सि. नं. | सूचना नं. बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (अ.आय कर, मू.अ. कर र सडक मर्मत/ वातावरण शुल्क बाहेक) | बोलपत्र दस्तुर | |
|---|---|---|---|---|---|---|
| १ | 1/RSRM/ 2082-083 | राप्ती सोनारी अन्तर्गत पर्ने विभिन्न ३ वोटा घाटहरु ((**जलालाघाट,टिकुलिपुर घाट, शिजनिया/समशेरगंज घाट,**) को नदिजन्य पदार्थको एकमुष्ट ठेक्का। | ४५८५२३९ | रु. ४,१२,६७,१५१ /- | रु. ५,०००/- | |
| २ | 2/RSRM/ 2082-083 | राप्ती सोनारी अन्तर्गत पर्ने (मुगुवा **दक्षिण, परुवा खोला ,झिझरी खोला,खल्ला टपरी,**) को नदिजन्य पदार्थको ठेक्का। | ४३६०९७५ | रु. ३,९२,४८,७७५ /- | रु. ५,०००/- | |
| ३ | ३/RSRM/ 2082-083 | राप्ती सोनारी अन्तर्गत पर्ने ( **जंगपुर साईपुर, शिनाबास नयाँबस्ति घाट, नवलपुर घाट र आलिनगर/चाचाफर्का, बग्दैला घाट**) को नदिजन्य पदार्थको ठेक्का। | ५१५३७१० | रु.४,६३,८३,३९० /- | रु. ५,०००/- | |

**शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत हिमालयन बैंक लिमिटेड शाखा कार्यालय शमशेरगञ्जमा रहेको यस कार्यालयको खाता नं. ०५२०७५४०५१००२४ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिनको दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न सकिनेछ। विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्दा बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड शाखा कार्यालय शमशेरगञ्जमा रहेको धरौटी खाता नं. ०५२०७५४०५१००१४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बीड बण्ड पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाइढ फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन दिनको १२:०० बजे भित्र विद्युतीय माध्यमबाट दर्ता गर्नु पर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. रीतपूर्वक पर्न अएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १२:३० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निमार्ण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

६. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन दिनको १३:०० बजे राप्ती सोनारी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

७. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

८. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन अएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको सत प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट र १.५% अग्रिम आय कर रकम समेत आन्तरिक राजश्व कार्यालयमा बुझाई सक्कल भौचर यस कार्यालयम बुझाउनु पर्नेछ।

११. ठेक्का वन्दोवस्तका लागि उल्लेख भएका खोलानालाको अवस्थाको सन्दर्भमा वोलपत्रदाताले स्थलगत भ्रमण गरी जांची वुझी IEE प्रतिवेदनमा उल्लेखित स्थानका लागि वोलपत्र पेश गरेको मानिनेछ।

१२. ढुंगा, गिट्टी, वालुवाको उत्खनन् तथा निकासीमा स्वीकृत IEE मा व्यवस्था भए वमोजिम औजारको प्रयोग गर्न सकिनेछ।

१३. विशेष गरी ढुंगा, गिट्टी, वालुवा, गेग्रान आदि झिक्दा वातावरणीय सन्तुलनमा असर नपर्ने गरी झिक्ने बन्दोवस्त ठेकेदार स्वयंले मिलाउनु पर्नेछ। वातावरण सन्तुलन वा भू उपयोगिताको दृष्टिकोणवाट वन्यजन्तु, आरक्ष तथा राष्ट्रिय निकुञ्जको निषेधित वन सीमाना भित्रवाट वालुवा ढंगा, गिट्टी, गेग्रान झिक्न पाइनेछैन। वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्ज सम्वन्धी कानूनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

१४. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चचालन ऐन, २०७४ सम्बन्धित यस गाउँपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिने छ।


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**